विकाशानन्द एक रूप अनेक

"संसारलाई बदल्नु छ, सुरु आफैबाट गर्नुछ"

सम्पूर्ण रेकी हिलर तथा स्वस्थ्य बन्न चाहनेहरूलाई खुशीको खबर

वैज्ञानिक योगा शिक्षक प्रशिक्षण तालिम केन्द्रले निम्न कार्यहरुका लागि स्वागत गर्दछ ।

१. रेकीको २१ दिने प्राक्टिकल तथा ध्यान साधनाका कक्षाहरु

२. (Psycho-cybernetics) सिद्धिसाधनाको प्राक्टिकल कक्षाहरु ।

३. वैज्ञानिक वेसिक योग कक्षा (प्रत्येक दिन)

४. वैज्ञानिक एडभान्स योग कक्षा प्रत्येक दिन ।

साथै यहाँ डा. योगी विकाशानन्दज्यूबाट संचालित सेमिनारहरुका लागि सम्पर्क गर्न सकिनेछ ।

विस्तृत जानकारीको लागि :

वैज्ञानिक योग शिक्षक प्रशिक्षण तालिम केन्द्र

भोटाहिटी, काठमाडौं ।

फोन : २२११२१, २२८९०५ र २५५७५१

खुल्ने समय : विहान ६:३० देखि बेलुकी ७:०० बजेसम्म

विकाशानन्द एक, रूप अनेक

विकाशानन्द एक, रूप अनेक

प्रकाशक : वैज्ञानिक योग शिक्षक प्रशिक्षण तालीम केन्द
योगा शिक्षक / रेकी माष्टर गोपाल प्रधान,
योगा शिक्षिका चन्द्रतारा तुलाधर

आर्थिक सहयोग : रेकी वैकल्पिक उपचार केन्द्र
भोटाहिटि, फोन : २२८९०५
रेकी माष्टर धुब्रानन्द
योगा शिक्षिका शान्ति शाही
रेकी हिलर राजु रंजित
रेकी हिलर शर्मिला

संकलन एवं डिजाइनः प्रमोदानन्दम्

मूल्य रु. ६०/-

आदरणीय श्रद्धेय गुरु डा. योगी विकाशानन्दज्यू यही २०५९ आषाढ २ गते ४० औं वसन्तपार गरी ४१ औं वसन्तमा प्रवेश गर्न लाग्नु भएकोमा गुरुप्रति सभक्ति मंगलमय शुभकामना चढाउँदछौं। साथै मनोक्रान्तिका दृष्टा युवा दार्शनिकको जीवनी "विकाशान्द एक रुप अनेक" गुरुप्रति समर्पित भई उपहार स्वरुप प्रकाशन गरेका छौं, र यसै उद्देश्यसित कर्तव्य पालनाका क्रममा गुरुका अन्य कृति प्रकाशन गर्दै आएको र गर्दै जाने पनि छौं।

फेरि एकचोटी शुभ कामना ! शुभ कामना !! शुभ कामना !!!

योग शिक्षक/रेकी माष्टर
गोपाल प्रधान
योगा शिक्षिका चन्द्रतारा तुलाधर
वैज्ञानिक योग शिक्षक प्रशिक्षण तालिम केन्द्र
भोटाहिटि,
फोन : २२११२१,२२८९०५,२५५७५१,४२४७३९

मनोक्रान्ति दर्शनको अभिव्यक्ति

आखिर नेपालमा पनि दार्शनिक एवं मनोक्रान्ति-दृष्टाको जन्म भइहाल्यो । दर्शन र चिन्तनको क्षेत्रमा अब नेपाल पनि बाँझो र हने छैन भन्ने कुराको ज्वलन्त प्रमाण हुन् - विकाशानन्दको मनोक्रान्ति दर्शन । विकाशानन्द एक अखण्ड मानव हुन् जसका ससंर्गमा आउने प्रत्येक मानव श्रीखण्ड जस्तै पवित्र वन्ने कुरा सर्वविदितै छ । उहाँ वर्षौंदेखि प्रत्येक शनिवार अपार जनमानसविच प्रत्यक्ष प्रवचन दिंदै आउनु भएको छ। योगीज्यू, विज्ञान, कला, धर्म, दर्शन तथा राजनीतिलाई कसरी व्यवहारिकरुपमा प्रयोग गरी मानव-जीवनलाई सफल बनाउन सकिन्छ भन्ने विषयका अद्वितिय वैज्ञानिक व्याख्याताको रुपमा चिनिनुहुन्छ।

मनोक्रान्ति भएकाहरुवाट मात्र राजनीति संचालित होस्, व्यापार पनि आफ्नो मनलाई जितेकाहरुको हातमा परोस्, हरेक शक्तिशाली र जिम्मेवार पदमा आफ्नो मनमाथि काबु भएका मान्छे मात्र जाउन, सम्पूर्ण राष्ट्रको जग अखण्ड मानवको हातवाट मात्र निर्मित होस् भन्ने चाहना राख्ने डा. योगीज्यू वर्षौंदेखि यही महालक्ष्यलाई पूरागर्न प्रयत्नशील हुनुहुन्छ ।

मानव सभ्यतालाई नयाँ दिशातर्फ डोऱ्याउसक्ने खालको वैज्ञानिक चिन्तन प्रस्तुत गर्ने डा. योगीज्यू विशेषगरी युवापुस्तामा अत्यन्त लोकप्रिय हुनुहुन्छ। कुशल वक्ता मात्र नभएर साहित्य सिर्जनामा पनि उहाँ उत्तिकै सिद्धस्त हुनुहुन्छ। पण्डित, पूरोहित, पाखण्ड कुसंस्कार आदिका विरुद्ध विचरोत्तेजक विचार प्रस्तुत गर्ने योगीज्यूको विगत १५ वर्षमा २ दर्जनभन्दा अधिक पुस्तकहरु प्रकाशित छन् । यसको अलावा उहाँ विश्वमा नै अत्याधुनिक मानिएको माइण्ड टेक्नोलोजी सुपरलर्निङ्ग र रेकी) लाई नेपालमा वैज्ञानिकरुपमा प्रस्तुत गर्ने प्रथम व्यक्ति हुनुहुन्छ । उहाँ भन्नुहुन्छ - नयाँ पुस्ताले मवाट धेरै कुराको आशा गरेको छ, म परम्परागत कुसंस्कार विरोध हैन सदुपयोग गर्न सिकाउछु, साथै नयाँ कुराको खोज एवं सिर्जना गरेर मानवजातीलाई उपचार टकयाउने छु।

विषय सूची

परिचय	१
पत्र-पत्रिकामा विकाशानन्द	१७
विकाशानन्द एक, रूप अनेक	९०
चित्रकारको रूपमा	९६
कविको रूपमा	१०२
केही प्रमाण केही सम्मान	१२८



विकाशानन्द एक, रूप अनेक

विकाशानन्द

पत्र-पत्रिकामा



विकाशानन्द एक, रूप अनेक

उहाँ स्वयं नै शास्त्र हुनुहुन्छ

"हामीसित एउटा जीवन छ- यही नै हाम्रो सारा दुःखको कारण हो । हामीसित एउटा जीवन छ, यही नै हाम्रो निम्ति सर्वाधिक आनन्दको कुरा पनि हो ।"

आजभन्दा पाँच वर्षपूर्व विकाशानन्दज्यूबाट सुनेको कुरा हो, यो । कति गहन र कति वास्तविक ! उहाँको हर वचनमा अनुभूतिको गहराइ छ र चिन्तनको इमान्दारी । त्यसैले नै होला उहाँको हर वाक्य जीवनसित नितान्त जोडेको पाइन्छ । उहाँको वचनमा कुनै शास्त्रीय आधार खोज्नु बेकार सावित हुनेछ, बरु उहाँ स्वयं नै शास्त्र हुनुहुन्छ- एउटा जीवन्त शास्त्र !

उहाँ दार्शनिक हुनुहुन्छ, तर वहाँ मात्र दार्शनिकहरूको निमित्त हुनु हुन्न । उहाँ सार्वजनिक हुनुहुन्छ । त्यसैले उहाँ माथिका दुई वाक्य मात्र भनेर चुप लाग्नु हुन्न । उहाँ भन्दै जानु हुन्छ– "जीवन तटस्थ छ । जीवनलाई दुःखमय वा आनन्दमय बनाउनुमा हाम्रो आफ्नै हात छ । जसलाई जिउने कला आउँछ, ऊ जीवनलाई स्वर्ग बनाएर जिउँछ र जसलाई कला आउँदैन उसले जीवनलाई नर्क बनाएको हुन्छ ।"

उहाँ बारबार व्याख्यातीत जीवनलाई– जहाँ अलिकति पनि

कुनै पनि व्यक्ति आफैंमा पूर्ण हुँदैन । कोही पनि व्यक्तिलाई सफल हुनुको लागी मार्ग दर्शन गर्ने व्यक्तिको खाँचो पर्दछ, त्यो मार्ग दर्शन गर्ने व्यक्तिकोरूपमा मैले डा. योगी विकाशानन्दलाई देखेको छु ।

ज्वाला रेग्मी, हेटौंडा- ०५७-२१३९९

व्याख्या गर्ने मौका मिल्छ– व्याख्या गर्नु हुन्छ। सर्वसाधारणको नाजुक अंग खोजी-खोजी चेतनाको दंश गर्नु हुन्छ । एउटा घटना बिर्सिनसक्नु छ, जब म उहाँसित नव परिचित थिएँ– उहाँले बुद्धिचाल खेल्ने अनुरोध गर्नु भयो । तब म बुद्धिचालमा जीरो थिएँ । मेरो नकारको बावजूद पनि उहाँको आग्रहको कारण मैले खेल्न स्वीकार गरें । खेलको सुरुमा मैले गोटी चालेको देखेर उहाँले सोध्नु भयो– त्यो चाल चल्नुको उद्देश्य के हो ?

मैले भनें– मलाई खेल थाहा छैन । त्यसैले चालेको हुँ।

उहाँले चेसबोर्ड पन्छ्याउँदै भन्नु भयो– "जसरी तपाईंलाई बुद्धिचाल आउँदैन र व्यर्थमा चाल चाल्नु हुन्छ, त्यस्तै हामी दुनियाँका सबै मानिसहरूलाई पनि जीवन-कला आउँदैन र यस्तै व्यर्थमा चाल चाल्दै जान्छौं, फलतः हामीहरू छिट्टै नै चारैतिरबाट आफूलाई जकडिएको पाउँछौं । त्यसैले आजको मानवले चाल चाल्नु भन्दा पहिला खेललाई जान्नु अनिवार्य छ। नत्र भने, एउटा चाल बिग्रेको खण्डमा पनि हार निश्चित हुन्छ।"

डा. योगी काशानन्द मेरो दृष्टिमा महान हुनुहुन्छ । जुन काम उहाँले गर्दै आउनु भएको छ, उच्च पाएको छु। मनोक्रान्तिलाई बोकेर उहाँले जुन काम गर्दै आउनु भएको छ, त्यो समस्त जनता र देशलाई अघि बढाउने कार्य हो। समस्त मानिसमा आनन्द, प्रेम, सद्भावना जगाउने तत्व हो ।

पूजन कंसाकार- २७०५६८

यसरी उहाँको निकट बसेर जीवनको व्याख्यान सुन्न पाउनु मेरो निम्ति अहोभाग्यको कुरा थियो।

उहाँसितको संगतिले लामो गति लिएपछि उहाँभित्र एकपछि अर्को गर्दै अनेकौं तह र पत्रहरू देखेर म अझ विस्मित भएँ। कति मानिसहरू त फगत एकैजना मात्र भएर बाँच्छ र एकैजना भएर मर्छ। तर उहाँले मात्र एक्काइस वर्षको युवावस्थामा नैं जीवनका अनेक आयामहरूमा व्यायाम गरिसक्नु मेरो निम्ति आश्चर्यको विषय थियो। बदमास केटा एकदन्तमानबाट चित्रकार विकाशमान, विकाशमानबाट साहित्यकार (नेवारी) 'ज: विकाश र 'ज: विकाशबाट दार्शनिक विकाशानन्द आफैंमा एउटा अनौठो यात्रा वृतान्त हो, शायद उहाँलाई जीवनको सत्य पहिल्याउनु नै थियो कि उहाँ कहीं पनि अल्झिनु भएन।

म उहाँदेखि अत्यन्त प्रभावित छु– यसैले होइन कि उहाँ राम्रो बोल्नु हुन्छ वा उहाँको दर्शन अनुकरणीय भएर, बरु म, यसैले प्रभावित छु कि उहाँ राम्ररी जिउनु हुन्छ– राम्ररी बस्नु हुन्छ, राम्ररी उठ्नु हुन्छ, राम्ररी खानु हुन्छ– जसरी एक चिन्ता-रहीत प्रफुल्ल मानव जीवनदेखि नितान्त तृप्त भएर जिउँछ। उहाँ कोरा दर्शनको पोको मात्र हुनुहुन्न, आदर्शको

तीन महिनादेखि रेडियो प्रवचन र नकारात्मकताको उपयोगिता भन्ने पुस्तकबाट अनि यस पाँच दिने गोष्ठीबाट उहाँ दार्शनिक, चिकित्सक तथा मनोचिकित्सक मात्र नभई गुरुकोरूपमा स्थापित हुनु भएको महसुस गरेको छु।

शंकर देव कान्द्, पुरातत्व विभाग, भक्तपुर- ६१०१४४

राम्रो नमूना पनि हुनु हुन्छ, त्यसैले नै उहाँको कुरा श्रवनीय छ, चिन्तनीय छ, ग्रहणीय छ।

योगाचार्य विकाशानन्दजीको प्रवचनमा मानवजातिको व्यथा छ र समाधान पनि । त्यो समाधान परंपरागत वा शास्त्रसम्मत नहुन सक्छ, किनभने उहाँ शास्त्रीय कम सामयिक ज्यादा हुनुहुन्छ। उहाँ समस्यालाई कुनै धर्म, धारणा, सिद्धान्त वा शास्त्रको चश्माबाट हेर्नु हुन्न। वस्तुलाई वस्तुतः जस्तो छ त्यस्तै हेर्ने र जस्तो देख्यो त्यस्तै भन्ने उहाँको विशेषता हो।

आजको अन्धकारव्याप्त धर्तीमा म योगाचार्य डा. योगी विकाशानन्द भित्र प्रभातको दर्शन गर्दछु, अनन्त रेगिस्तानको उतप्त धर्तीमा नखलिस्तानको शीतल छाया पाउँछु।

यहाँ योगाचार्यज्यू परम मुक्त पुरुषहरूमा हुनुहुन्छ– यो मैले भन्ने कुरा होइन। उहाँको प्रवचन पढ्नु भइसकेपछि तपाईं आफैंले निर्णय गर्ने कुरा हो। उहाँको सारा प्रयत्न, सारा उद्देश्य मानवलाई द्वैतको द्वन्द्ववाट मुक्त गराई त्यो तेश्रो अवस्थामा अवस्थित गराउनु हो, जहाँबाट मानव सही अर्थमा पूर्णमानव बन्दछ।

– आर

मेरो जानकारीमा परम गुरु डा. योगी विकाशानन्दज्यू

वास्तवमा उहाँ आध्यात्मिक गुरुभन्दा जीवनगुरु हुनुहुन्छ। आफ्नो दर्शनमा सम्पूर्णता समेट्ने उहाँको क्षमताको कदर गर्नै पर्दछ। उहाँ स्वयंसंबुद्ध गुरु भएकाले जीवनका सम्पूर्ण समस्याका हल उहाँबाट पाउन सकिन्छ। आध्यात्मिकता र भौतिकताको जोड अनि जीवनसमस्या र रहस्यका वैज्ञानिक समाधानले गर्दा जो कोहीको निम्ति उहाँ सही गन्तव्य हुन सक्नु हुन्छ। भावना, मन र भौतिक शरीरलाई एक ठाँउमा ल्याउन र एउटा व्यक्तिलाई जीवन दिन चालिएको मनो क्रन्ति अभियान समय सापेक्ष छ।

Mind Technology (मस्तिष्क विकास प्रविधि) को अवधारणा र प्रक्रियाले नयाँ सभ्यताको सुरुवात गरेको मान्न सकिन्छ।

उहाँ दार्शनिक, डाक्टर, परमगुरुकोरूपमा हामी माझ देखिनुभएको छ। कलाकारिता, साहित्य, योग र समाजसेवामा पनि संलग्न उहाँले राजनीति, वाणिज्य, संचार, पत्रकारिता-शिक्षा, विज्ञान, समाजशास्त्र, खेलकुदमा पनि नयाँ बाटो देखाउनु भएको छ। अनि सकारात्मक साहित्य र सँस्कृतिसंगै संपूर्ण

डा. योगी वकाशानन्द ज्यादै प्रतिभाशाली व्यक्ति हुनुहुन्छ। उहाँमा निकै खुबी छ। उहाँ रमाइलो व्यक्ति हुनुहुन्छ। मलाई वहाँ ज्यादै मनपर्‍यो।

सकुन दुवाल- ६१४२६१

जीवन-क्रान्तिको निम्ति वकालत गर्दै आउनुभएको छ। इतिहासमा भएका गल्तीबाट बुझेर त्यस्ता कमजोरी नदोहोरिउन् र आजको वैज्ञानिकता र मानवको नै सम्पूर्ण पक्षलाई समेट्ने गरी उहाँका अभियान सक्रिय छन् जस्मा उहाँले सम्पूर्ण सफलता पाउनुभएको छ। उहाँजस्तो महापुरुषलाई राष्ट्रले अनि विश्वले जातीय र वैचारिक दायराभन्दा माथि उठेर सम्मान गर्नु पर्दछ।

शिव "जीवनवादी"

—— ❀ ——

को हुन् डा. योगी ?

डाक्टर र योगीको जोड
ज्योतीष र वैद्यको गुणनफल
भौतिक र अध्यात्मवादको संमिश्रण
हुन् विकाशानन्द

ज्ञानको खानी, स्नेहको श्रोत
मन र मस्तिष्कको जोड
बुद्धी र विवेकको निचोड
हुन् विकाशानन्द

बिछोड र मिलनको परिणाम
आँसु र हाँसो मुहान
गुलियो र अमीलोको मिश्रण
हुन् विकाशानन्द

आगो र पानीको भेट
मरुभूमी र समुन्द्रको सम्बन्ध
ज्ञान र ध्यानको निस्कर्ष
हुन् विकाशानन्द

- राजानन्द, डलु

मलाई लाग्छ डा. योगी विकाशानन्दज्यू मेरो परम गुरु हुनुहुन्छ। मैले उहाँको ज्ञान पाएर नयाँ बाटोतिर लाग्ने छु भन्ने मलाई पूर्ण विश्वास छ।

संजय चौधरी, राजविराज- ०३१-२०६५४

अभिनन्दन-पत्र

हे परमपूज्यपाद गुरु !

आध्यात्मिक शक्तिको अनुसन्धान एवं व्यवहारिकरूपमा विभिन्न प्रकारका प्रयोगहरू सम्पन्न गर्दै आध्यात्मिक युग पुनर्निर्माण गर्न सिद्धि साधना केन्द्र तथा रेकी केन्द्र स्थापना गरी विभिन्न किसिमका साधनात्मक कार्यक्रमहरू तपाईं स्वयंले संचालन गर्दै आइराख्नु भएको छ। ती केन्द्रवाट साधनाको माध्यमद्वारा विभिन्न दिव्यतम गुढ रहस्यहरू उजागर गर्दै समाज समक्ष वास्तविक यथार्थ र सत्य-तथ्य कुराहरू राख्नु हुँदै आउनु भएको कुरा सर्वविदितै छ। ती केन्द्रका मूल आधार भन्नु नै परम आदरनीय पूज्यपाद गुरु हुनुहुन्छ। सम्पूर्ण समाज समक्ष सही र वास्तविक तथ्य राख्दै मनोक्रान्ति युग निर्माण गर्नमा परमपूज्य गुरुवाट अग्रणी भूमिका खेल्दै आइराख्नु भएको कुरा यस जन्मोत्सव समारोह वीच अनुभव गर्न पाउँदा हामी सवैलाई हर्ष र गौरवको अनुभूति भएको छ।

मैले आजसम्मको जीवनमा यस धर्तीमा अरूको लागी केही गर्ने व्यक्तित्वमा विकाशानन्दलाई अग्र पंक्तिमा राखेको छु। उहाँ साँच्चै महान हुनुहुन्छ। यस समयमा जोकसैलाई पनि उहाँ आफ्नो वशमा पार्न सक्नु हुन्छ। भविष्यमा उहाँ विश्वकै उग्रपंक्तिमा स्थापित हुनेछ जस्तो मलाई लाग्छ।

प्रकाश केसी- ५४०६७२

त्यस केन्द्रका पूज्यपाद गुरु डा. योग विकाशानन्दज्यूको यो दिव्यतम पहल पक्कै पनि गुरुभक्त, शिष्य एवं अन्य महानुभावहरूका लागि विशेष महत्त्वको हुन गएको छ । हाम्रो सामु हामीजस्तो भक्तजनहरूको लागि आजको यो जन्मोत्सव एक चाडको पावन अवसरकोरूपमा, एक अद्वितीय साधना-दिवसकोरूपमा महसुस गरिरहेका छौं । यस दिव्य महोत्सवमा परम आदरणीय, परम वन्दनीय एवं परम पूजनीय गुरुदेवको उपस्थितिले पक्कै पनि हामी सम्पूर्ण साधक, शिष्य एवं भक्तहरूको लागि परमानन्दको दिन भएको छ । नयाँ सहस्राब्दिको दिन पारेर मनाइँदै गरेको पूज्यपाद गुरुदेवको जन्मोत्सव एक ऐतिहासिक नै भएको छ ।

हे मनोक्रान्ति-दर्शनका क्रान्तिद्रष्टा !

रेकी र मनोक्रान्तिका परम पूज्य गुरु डा. योगी विकाशानन्दको असीम अनुकम्पा पाएर दिव्य साधनामा भाग लिन पाइराखेको कुरा हामी गुरुदेव समक्ष सहर्ष जानकारी गराउँदछौं । यस दिवसले गुरुको अनुकम्पा एवं आशिर्वाद प्राप्त गर्नेहरूका लागि एक स्वर्णीम अवसर हुन गएको छ । संभवतः यस खुल्ला ठाँउमा पहिलो पटक सम्पन्न हुन गइराखेको यस

उहाँ प्रतिभाशाली व्यक्तित्वका धनी श्रद्धेय विकाशानन्दप्रति मेरो सकारात्मक धारणा छ । उहाँ जस्तो व्यक्तित्वको कदर गर्दै संसारलाई बदल्ने नारामा आफू प्रतिबद्ध भएको जानकारी गर्दछु ।

रामचन्द कर्माचार्य, काभ्रे, नाला- ०११-६१०२५

पावन उत्सवमा भाग लिई श्री गुरुदेवको शुभ आशिर्वाद प्राप्त गर्न सम्पूर्ण व्यक्तिहरू लालायित भएका छौं ।

आफ्ना शिष्यहरूका साथ जुनसुकै क्षणमा पनि समुपस्थित रहनु हुने सद्गुरु प्रत्येक व्यक्तिको मनमा उब्जिने कुनै पनि प्रश्न वा जिज्ञासाको उत्तर कुनै पनि माध्यमद्वारा उक्त व्यक्तिको कल्पनाभन्दा धेरै पर तर उच्चताका साथ प्रमाणिकरूपमा दिनु हुने डा. योगी विकाशानन्द सवैसित परिचित व्यक्तित्वका धनी हुनुहुन्छ भन्न पाउँदा हामीलाई हर्ष लागेको छ । तपाईंको दृष्टिमा हामी मध्ये कोही टाढा छैनौं, त्यसैले त तपाईं योगी हुनुहुन्छ । ब्रम्हाण्डसित परिचित हुनुहुन्छ । यस्ता अद्वितीय युग-पुरुषको चरण कमलमा हामी सवैको केवल यही भाव पुष्प समर्पित छ । कोरा सिद्धान्त र लिखित ज्ञानमा मात्र सीमित नरही प्रयोगात्मक, प्रामाणिक र विश्वसनीय विज्ञानको आधारमा प्रस्तुत हुनु हुने युगपुरुष, तपाईंमा हार्दिक वन्दना छ । वालक, वृद्ध, पुरुष, महिलादेखि लिएर उच्चस्तरका साधकसम्मलाई वैज्ञानिकताको आधारमा तर्क दिई प्रस्तुत हुनु हुने तपाईं गुरु डा. योगी विकाशानन्दलाई अभिनन्दन गर्न पाउँदा हामीलाई आनन्दको अनुभूति भएको छ ।

डा.योगी विकाशानन्द समाज, देश र विश्वप्रति नै राम्रो सोच्ने मानिस हुनुहुन्छ । उहाँ नकारात्मक कुरालाई पनि सकारात्मकरूपबाट लिएर मान्छेको असल गुण दर्साउने बाटो देखाउँदै हुनुहुन्छ ।

आरोह थापा- ३३०७२५

हे रेकीका प्रवर्तक !

रेकी क्लिनिकको माध्यमबाट नेपालमा रेकी भित्र्याई हेर्दा-सुन्दा र प्रसंग चल्दा वडो आश्चर्य लाग्ने, विश्वास गरिहाल्न पनि अप्ठ्यारो लाग्ने तर यसलाई वैज्ञानिकताको आधारमा प्रमाणित गरी जनमानसलाई दुःख कष्टवाट मुक्त दिलाउन सक्षम हुनु भएको छ, तपाईं ! जसको माध्यमद्वारा मानिसमा भएका थुप्रै आचरणहरू, वानी-व्यहोराहरू लगायतका कुकर्महरू, कुविचारहरू र कुसंगत आदिलाई हटाउन मद्दत मिलेको छ । मनोक्रान्तिको क्षेत्रमा थोरै समयावधिमा धेरै मानिसहरूको आस्था, विश्वास र श्रद्धाको केन्द्र वनाउन सफल व्यक्तित्वका धनी तपाईंले विभिन्न दिव्यतम साधनाहरू संचालन गर्दै व्यक्तिका विभिन्न किसिमका समस्या, रोगव्याधि आदिलाई समाधान गर्दै मनोक्रान्ति युग निर्माण गर्न गतिशील हुँदै वढी रहनु भएको छ, भन्न पाउँदा हामीलाई साऱ्है हर्ष लागेको छ जहाँ सद्गुरुको स्पष्ट मार्गनिर्देशन छ, सूक्ष्म सानिध्यता छ र आउँदा समयको लागि स्वर्णीम भविष्य छ, त्यहाँ नै शिष्य, साधक-साधिकाहरूको जमघट हुने अवस्यंभावी छ । यो हामीले आज देखिरहेका छौं र हाम्रो प्रवृत्ति पनि त्यतैतिर

मेरो विचारमा डा. योगी विकाशानन्द एक सपुत, दार्शनिक, समाज-सुधारक र अहिलेका सबैका गुरुका पनि गुरु हुनुहुन्छ । उहाँबाट हामी धेरै देख्न, बुझ्न र सिक्न सक्नेछौं– जसले सारा जीवनमा एउटा मनोवैज्ञानिक क्रान्ति ल्याइदिने छ ।

दावाङ्ग 'सलका', पूल्चोक कलेज, होस्टेल- ५२३५७२

विकास भएको छ ।

स्वर्णीम भविष्य वोकेको यस क्षेत्रको अघि वढ्ने सौभाग्य प्राप्त होस्, यही हाम्रो शुभकामना छ । इतिहासका पानाहरू गर्व गर्नका लागि होस् । सम्पूर्ण समाजले आउँदा दिनहरूमा सवैले महसुस गरी मनोक्रान्तिको विगुल गाउँ-गाउँसम्म गुन्जायमान गर्न सकोस् भनि आशिका राख्दै आजैदेखि नवयुगको तयारीको लागि एउटा दरिलो खम्वा सावित हुन सकोस् साथै सद्गुरुको महानतम योजना साकार पार्न सफलता मिलोस्, यही हाम्रो कामना छ ।

अन्त्यमा परमात्मा परमेश्वरसंग प्रार्थना गर्दै आजको पुनीत अवसरमा तपाईंको सुख, समृद्धि, सुस्वास्थ्य र दीर्घायूको कामना गर्दै यो हार्दिक अभिनन्दन भेंट तपाईं पूज्य गुरुदेव डा. योगी विकाशानन्दको चरण कमलमा अर्पण गर्दछौं ।

जयगुरु देव !

शुभ जन्मोत्सव समारोह समिति २०५८ आषाढ, २

अध्यक्ष

माइला वज्राचार्य

गुरुले मनोक्रान्ति भन्ने नयाँ दर्शन अगाडि सार्नु भएको छ, यस नयाँ दर्शनबाट संसारभरि नै मानिसमा आमूल परिवर्तन आउँछ भन्ने मेरो विश्वास छ ।

नितेश नेपाली- ४१५५७०

पूजा च पूजनेय्यान एतं मङ्गलमुत्तमं

रेकी उपचार केन्द्र, नगदेश

मध्यपुर-थिमि नगरपालिका-६

महाखेल, नगदेश

अभिनन्दन-पत्र

श्रद्धेय रेकी गुरु डा. विकाशानन्दज्यू
संस्थापक, आनन्द योग केन्द्र काठमाण्डौ

तपाईले स्वस्थ जीवन र सुखी जगतको खोजीमा आफूलाई समर्पित गरी देश-देशावरमा घुमिफिरी विविध क्षेत्रवाट ज्ञानार्जन गरी जीवनको सफलतामा सन्हानीय देन दिनु भएको छ। तपाईमा वहु-प्रतिभा विद्यमान छ र वौद्धिक तर्कशीलता प्रचुरतामा पाइन्छ । तपाई एक सिद्धहस्त लेखक, रचनाकार समेत हुनुहुन्छ ।

तपाई, सन् १९८२ तिर, श्रद्धेय वर्मी भिक्षु नन्द वंश महाथेरोज्यूको कर कमलवाट वुद्ध शासन चीर स्थायी हुने शुभ कार्यमा समर्पित भै थेरवादी भिक्षु (श्रामणेर) वन्नु भएको थियो ।

तपाई, गुरुले नै नेपालमा सर्वप्रथम Reiki Healing Programme लाई सुपरिचित गराउनु भयो। तपाईको प्रशंसनीय योगदानको उच्च मूल्याङ्कन गरी गत सन् १९९७ जनवरीमा Indian Board of Alternative Medicines, Calcutta वाट सम्मानार्थ रेकी, योग र प्राकृतिक चिकित्साको लागि Doctor of Medicine (Alternative Medicines) उपाधिवाट सम्मानित हुनु भयो ।

हे आदरणीय रेकी गुरु !

आजको पावन दिनमा तपाईंजस्ता आदरणीय, गौरवका प्रतीक रेकी गुरुलाई अभिनन्दन गर्न पाउनु अहोभाग्य ठानी भगवान वुद्धका अमृत वचन- "पूजा गर्न योग्य व्यक्तिलाई पूजा गर्न उत्तम मङ्गल हो" लाई मनन गरी श्रद्धेय गुरुप्रति यो अभिन्दनपत्र सगौरव प्रदान गर्दछौं ।

भवतु सब्ब मङ्गलम्

डा. योगी विकाशानन्दका जीवन-यात्राका केही झलकहरू

- आफ्नो वीसौं वसन्तको प्रभातकालमा डा. योगी विकाशानन्द जनकपुरस्थित नराहा भन्ने गाउँमा ध्यान-साधना गर्दै हुनुहुन्थ्यो ।
- कुनै ब्रह्ममुहूर्तमा उहाँलाई आफ्नो ससीम अहम् असीम ब्रह्ममा विलय भएको झलक मिल्यो ।
- उक्त महान् घटनापछि उहाँभित्रका अनेकौं शक्ति-सामर्थ्यहरू एकपछि अर्को प्रकट हुन थाले, जस्तैः precognition अर्थात् केही क्षणपछि हुने घटनाको पूर्वाभास, पूर्ण वैराग्यभाव, अदम्य साहस आदि ।
- उहाँभित्रको यस्तो अद्भुत क्षमताको अनुभूतिले गृहत्याग गरी अझै गहन ज्ञानको खोजमा भारतपस्ने वाटो खोलियो ।
- भारत गएर वनारसको संपूर्णानन्द संस्कृत विश्व विद्यालयमा संस्कृत एवं दर्शनशास्त्रको अध्ययन गर्नुका साथै वर्मिज टेम्पलमा स्व. महास्थविर नन्दवंशज्यूवाट वौद्ध श्रामणेरको रूपमा दीक्षित हुनु भयो ।
- भारतको करीव ६ वर्षको साधनात्मक एवं अनुसन्धानात्मक प्रवासवाट नेपाल फर्की काठमाडौंमा १९८६ तिर आनन्द योग केन्द्र खोल्नु भयो ।
- यस अघ उहाँले चित्रकारको हैसियतले सन् १९७९ मा तत्कालीन

उहाँसंग बसेर पढ्न पाउँदा आफूलाई भाग्यमानी ठानेको छु ।

रविन श्रेष्ठ, बिजेश्वरी- २८५५७९

सोभिएत रसियाको भ्रमण गर्नु भएको थियो ।

- सन् १९८५ तिर साइको साइवरनेटिक्सको सेमिनार संचालन गर्नु भयो ।
- सन् १९९६ मा नेपालमा रेकी भित्र्याउनु भयो ।
- सन् १९९१ ताका नेपाल टेलिभिजन मार्फत ६ महिनासम्म साप्ताहिक योग-साधना संचालन गर्नु भयो ।
- सन् १९९१ तिर उहाँ श्रीजी महाराजको आश्रम, राजस्थानस्थित सलेमाबादमा हुनुहुन्थ्यो, जहाँ उहाँमा पहिलो पटक वाँसुरीको मधुर धुनको रूपमा "अनहद् नाद"को प्रस्फुटन भयो ।
- सन् १९९२ मा, दारा नगर, वनारसमा पूज्य स्वामी श्री सर्वदानन्दज्यूको सानिध्यमा आत्मवोध को झलक पाउनु भयो ।
- सन् १९९४-१९९९ सम्म मातातीर्थस्थित आनन्द योग केन्द्रमा स्वदेशी तथा विदेशीहरूलाई योग शिक्षक-प्रशिक्षण कोर्स (Teachers' Training Course) संचालन गर्नु भयो ।
- सन् १९९५ जूनमा, भारतको वैंगलोरस्थित NIMHAMS मा Kundalini Research International, Indian Chapter द्वारा आयोजित कुण्डलिनी शक्तिको चौधदिने परीक्षणमा उहाँको (ध्यानको अवस्थामा) मस्तिष्कका चारै band हरू (beta, alfa,

यस वर्तमान संसारमा डा. योगी विकाशानन्दलाई एक महान शिक्षककोरूपमा देखें । समाजलाई नयाँ गोरेटोमा डोऱ्याउने असल गुरुकोरूपमा देखें ।

विक्रम मुनकर्मी- ६१२६४८

theta & delta) एकैसाथ सक्रिय रहेको कुरा EEG मेशिनबाट तथ्यांकित गरियो । यस वैज्ञानिक परीक्षणबाट उहाँले आत्मबोध वा Transformation को झलक पाउनु भएको कुरा वैज्ञानिकरूपमै प्रमाणित भयो ।

- त्यसपछि सन् १९९५ सेप्टेम्बरमा ब्राजिलमा भएको *विश्व योग सम्मलेन*मा भाग लिनुभयो । तीन महिनाको ब्राजिल भ्रमणमा National Network Television लगायत अन्य टेलिभिजनबाट उहाँको अन्तर्वार्ताको पटक-पटक प्रसारणका साथै राष्ट्रिय दैनिक, साप्ताहिक एवं मासिक पत्रपत्रिकामा पनि उहाँसितको अन्तर्वार्ता छापियो । यसको अतिरिक्त कलेज, युनिभर्सिटी, क्लब तथा विभिन्न योग केन्द्रहरूमा योग तथा ध्यान-प्रशिक्षण एवं सम्भापण गर्नुभयो। यस क्रममा ब्राजिलमा *"सिद्धि-साधना ग्रुप"*को स्थापना पनि गर्नुभएको थियो ।
- अहिलेसम्मका उहाँका २६ वटा पुस्तक प्रकाशित भैसकेका छन् ।
- हाल उहाँ रेकी हीलर्स एशोसियसन नेपालका संरक्षक पनि हुनुहुन्छ ।
- हालसम्म उहाँले ४ हजार जति नेपालीहरूलाई रेकी दीक्षा दिइसक्नु भएको छ भने दुइ हजार जतिलाई साइकोसाइवरनेटिक्स सिकाइसक्नु भएको छ ।
- सन् १९९७ मे महिनामा संयुक्त राज्य अमेरिकाका केही विश्वविद्यालय लगायत संघ-संस्थाहरूमा हठयोग, कुण्डलिनी

मेरो दृष्टिकोणमा डा. योगी विकाशानन्द यस युगका महान गुरु हुनुहुन्छ ।

रवीन्द्रलाल श्रेष्ठ, लगन दलाछि- २६४८३१

योग, रेकी र साइको साइबरनेटिक्टको कक्षा संचालन गर्नु को साथै ठाउँ-ठाउँमा प्रवचन गर्नु भयो ।

- सन् १९९८ मा Indian Board of Altemative Medicines वाट M. D. (A. M.) अर्थात् *डाक्टर अफ मेडिसिन्स इन अल्टरनेटिभ मेडिसिन्स* को उपाधि हासिल गर्नु भयो ।
- सन् १९९८ तिर सुपरलर्निङ्ग नेपालमा भित्र्याउनु भयो ।
- सन् १९९९ देखि २००१ सम्म *रेडियो सगरमाथा, K. A. T. H. इमेज च्यानल, मेट्रो एफ. एम. र स्वनिगः सच्छि* मार्फत धारावाहिक प्रवचन कार्यक्रमहरू संचालन गरि सक्नु भएको छ ।
- हाल *क्लासिक एफ. एम.* १०० मे. ह. मा हरेक शुक्रवार वेलुकी ९:३० देखि ११:०० सम्म *जीवन-दर्शन* तथा *माछापुच्छे एफ. एम. ९१ मे. ह.* पोखरावाट हरेक सोमवार वेलुकी ६ वजे प्रवचन दिदै हुनुहुन्छ ।
- उहाँले दसौं वर्षदेखि हरेक शनिवार प्रत्यक्ष प्रवचन दिदै आइर हनु भएको छ । हाल *घरहरा पार्टी प्लेस,* घरहरा, काठमाडौंमा विहान ८-११ सम्म निःशुल्क प्रवचन संचालित छ ।
- ने. सं. ११०० तिर नेपाल लिपि गुथिको स्थापना गर्नुका साथै *पौभाः (त्रैमासिक) संग* । साप्ताहिकर *बुलुमि* (वार्षिक)का संस्थापक संपादक पनि रहनु भयो ।

डा.योगी विकाशानन्दसंग दर्शन, योजना, साधना र कार्यतालिकाको एउटा पूर्ण स्वरूप छ । यसैले मलाई लाग्छ, हामी सबै उहाँको बाटोमा हिँड्यौं भने हाम्रो जीवन सार्थक हुनेछ ।

शंकर लामिछाने, भक्तपुर- ६१४६३६

अन्तर्वार्ता

पाँच वर्षको दरमियानमा विकाशानन्द धेरै परिवर्तन भएछन्। पहिलो कुरा त उनले अल्टरनेटिभ मेडिशिनमा एम. डी. गरेछन् र डाक्टर भएछन्। आफ्नो नामको अगाडि 'डा.' झुण्ड्याउन थालेछन्। पाँच वर्ष अगाडि नयाँ सडकका संवाददाता लीलाराज खतिवडाले उनलाई मातातीर्थको एउटा सानो आश्रममा भेटेका थिए। त्यतिवेला ट्रिम नगरेका लामा-लामा दाह्री, लामो कपाल र सुतीको साधारण एउटा सेतो लुंगी र कमिजमा करीव शत् प्रतिशत जोगीको भेषमा थिए उनी।

अन्तर्वार्ताकै क्रममा उनी धेरै पटक ठहाका लगाएर हाँस्ने गर्थे। उनको हँसाइ त कति डरलाग्दो हुँदो रहेछ भने, एक ताका एउटा एफ. एम. रेडियोमा कार्यक्रम चलाउँदा जोडसँग हाँसेको कारण स्टेशन म्यानेजरले उनलाई भने, 'तपाईं अलिक बिस्तारै हाँस्नुहोस्, नत्र हाम्रो एफ. एम. को फ्रिक्वेन्सी बिग्रिन्छ।' अन्तर्वार्ताको विवरण:

★ आध्यात्मिक क्षेत्रमा तपाईं कहिलेदेखि प्रवेश गर्नुभयो ?

मैले वीस वर्षको उमेर हुँदा साधनाको सुरुवात गरें। त्यति वेला नेपालमा योग र ध्यान सिक्ने ठाउँ देखिएनँ, त्यसैले घर को स्वीकृति नहुँदा पनि म भागेर वनारस गएँ।

डा. योगी विकाशानन्दको विचार, प्रवचन र बोलाइले मेरो मन नै तान्यो। जीवनलाई हेर्ने तरिकामा नै परिवर्तन ल्यायो।

राजिक शाक्य- २७६६१६

★ तपाईंको जीवनको पहिलो आध्यात्मिक अनुभव के थियो ?

मैले योग गरेको थिएँ, त्यसले मलाई भौतिकवादी दुनियाँ वाहेक अर्को पनि एउटा संसार रहेछ भन्ने कुराको बोध गराएको थियो ।

★ आजकल के-के गर्नुहुन्छ ?

योग, रेकी, साइको साइवर्नेटिक्स र सुपरलर्निङ्ग भन्ने प्रोग्राम पनि हामीले नेपालमा ल्याएका छौं । कसरी हाम्रा दुवै मस्तिष्कका भागलाई प्रयोग गर्ने भन्ने कुरा यसमा सिकाइन्छ । वैज्ञानिक अनुसन्धानअनुसार सामान्य मानिसले केवल तीन प्रतिशत आफ्नो मस्तिष्कलाई प्रयोग गर्ने वताइन्छ । दुवै मस्तिष्कको प्रयोग भएको खण्डमा हामी हरेक कुरालाई सिक्न आफ्नो क्षमता एक्सिलरेट गर्न सक्छौं ।

★ आफ्नो पुरै ब्रेन प्रयोग गर्न सक्ने त्यस्ता कोही मान्छे होलान् दुनियाँमा ?

पुरै ब्रेनको प्रयोग गर्ने भन्ने हाम्रो लक्ष्य हो । यसमा एउटा कुरा के आउँछ भने लेफ्ट ब्रेन भनेको लजिकल माइन्ड र राइट ब्रेन भनेको इलजिकल माइण्ड हो । इलजिकलमाइण्डमा इन्ट्युशन हुन्छ, फीलिङ्ग हुन्छ । यी दुवै जोडेर लाने काम भनेको पुरै ब्रेन युज गर्ने उपाय हो ।

★ तपाईंलाई थाहा छ, म्याक्सिमम् ब्रेन युज गर्ने कोही छ ?

इन्लाइटनमेन्ट भनेकै म्याक्सिमम् ब्रेन युज गर्नु हो । सवै इन्लाइटन्ड मास्टर्सहरूले आफ्ना सम्पूर्ण ब्रेन युज गरेका हुन्छन् ।

डा. योगी विकाशानन्दको अद्वितीय प्रतिभा एवं गुरुत्वले मलाई ज्यादै प्रभावित गरेको छ ।

माधव अधिकारी, दाङ, सोनपुर-५

भनिन्छ अल्वर्ट आइन्स्टाइनले १२ देखि १३ प्रतिशत ब्रेन प्रयोग गरेका थिए । उनको मस्तिष्कको त अझै पनि परीक्षण भैरहेको छ ।

★ बुद्धको बारेमा नि ?

त्यो भन्नै सकिन्न, त्यतिवेला ब्रेन रिसर्च गर्ने मेशिन थिएन ।

★ रजनीशले नि ? उनको बेलामा त मेशिन थियो ।

उनको रिसर्च गर्दा के पाइयो भने 'इन्लाइटनमेन्ट' पूर्व र पछि उनको स्काल्पमा धेरै परिवर्तनहरू आएका थिए । मोडर्न कन्सेप्टअनुसार जव-जव ब्रेनको अत्यधिक भाग प्रयोग हुन थाल्छ, मान्छेको ब्रेनको मात्रै होइन स्काल्पकै आकारमा पनि परिवर्तन हुने गर्छ ।

★ रजनीशको कुरा गर्दा तपाईंले एकताका *रजनीश कति ठीक, कति गलत ?* भनेर एउटा किताबै निकाल्नु भएको थियो । एकै वाक्यमा भन्नुपर्दा उनी गलत वा सही के थिए ?

त्यो वेलाको विकाशानन्द र अहिलेको विकाशानन्दमा धेरै फरक छ । त्यो वेला म धेरै विद्रोही थिएँ । रजनीशका दुवै गुण-अपगुणका कुराहरूलाई केलाउन खोजेको थिएँ । अहिले मेरो पुरै कन्साइन्समा परिवर्तन आएको छ

★ कस्तो खालको परिवर्तन ?

पहिले म धेरै क्रिटिकल माइन्डेड थिएँ । अहिले धेरै पोजेटिभ माइण्डेड छु । अहिले म नेगेटिभ कुराहरूलाई पनि कसरी पोजेटिभली प्रयोग गर्ने भन्ने कुरामा वढी केन्द्रित छु । मेरो लागि

आदरणिय गुरुज्यूलाई यस्ता महान पुरुषकोरूपमा लिएकी छु, जसले अध्यात्म मात्र नभै हाम्रा दैनिक जीवनमा आइपर्ने समस्यालाई कसरी समाधान गर्ने भन्ने सहज बाटो देखाइदिनु भएको अनुभव गरेकी छु ।

मीत श्रेष्ठ, काठमाडौं- २४८९६२

खराब भन्ने कुरा त संसारमा अब केही पनि छैन । नेगेटिभ कुरालाई पनि युटिलाइज गर्न सकिन्छ, नकारात्मकताको उपयोगिता मेरो दर्शन बनेको छ ।

★ नेगेटिभ कुरालाई कसरी युटिलाइज गर्न सकिन्छ ? जस्तो कि एंगर, सेक्स, टेम्प्टेशन आदिलाई कसरी युटिलाइज गर्ने ?

वण्डरफुल क्वेश्चन । एउटा कुरा के बुझ्नुपर्छ भने एब्सुलिटिज्म डज नट एकजिस्ट । अब हेर्नुस्, विषको ठूलो मात्रालाई घटाउँदै-घटाउँदै सूक्ष्म परिमाणमा ल्याउने हो भने त्यो अमृत पनि बन्न सक्छ । त्यस्तै दिसालाई पनि ग्यास बनाई खाना पकाउनमा प्रयोग गर्न मिल्छ । त्यसैले सेक्सलाई पनि म यसरी नै लिन्छु ।

★ सेक्सलाई कसरी ट्रान्सफर्म गर्ने पोजेटिभली ?

"अति सर्वत्र वर्जयेत" भन्ने एउटा संस्कृतको उखान छ । त्यही कुरालाई बुद्धले आफ्नो भाषामा *मध्यम मार्गको* नाम दिनुभयो । सेक्सको कुरा गर्दा एक्सट्रिममा गयो भने पनि समस्या हुन्छ, बिल्कुलै गरेन भने पनि समस्या नै उत्पन्न हुन्छ । तर यी कुराहरू इन्लाइटेन्ड मास्टर्सको लागि लागू हुँदैनन् (ठूलो हाँसो) । सामान्य मान्छेले कहिल्यै सेक्स गर्दै गरेन भने त्यो साइकोलोजिकल प्रोब्लम् हुन्छ, बढी गऱ्यो भने पनि त्यो अर्को साइकोलोजिकल प्रोब्लम हुन्छ ।

मेरो दृष्टिकोणमा डा. योगी विकाशानन्द एक महान व्यक्ति हुन् र जस्को प्रवचनको भरमा पनि मानिसले आफूलाई *केही हुँ र मैले पनि केही गर्न सक्छु* भन्ने भावना जगाउन सक्नुहुन्छ । र यदी कसैले बाटो भुलेको भए बाटो देखाउने एक पथ प्रदर्शक हुनुहुन्छ ।

सुन्दर प्रसाद अधिकारी- ४३२५१६

★ त्यसो भए कति गर्ने त सेक्स ?

अमेरिकी वैज्ञानिकहरूले सामान्यावस्थामा हप्तामा दुइ-तीन पल्ट गरिने संभोगलाई हेल्थी एण्ड हीलिङ्ग सेक्स भनी दावा गरेका छन् । यदि सेक्स नगरिएमा साधनाद्वारा उक्त संभोग ऊर्जालाई कुण्डलिनी ऊर्जामा रूपान्तरण गरी ऊर्ध्वगामी वनाउन सक्नु पर्दछ, अथवा अन्य सृजनात्मक काममा लगाउनु पर्दछ । किनभने जुन वायो केमिकलले सेक्सप्रति आकर्षण जगाउँछ त्यही वायो केमिकलले जाँगर र जोश पनि ल्याउँछ । त्यसकारण सिर्जनशील वैज्ञानिक, कलाकार, एवं अन्य व्यक्तित्वहरू बढी नै सेक्सी पाइएको छ । तपाईं विश्वविख्यात चित्रकार पाब्लो पिकासोलाई लिनुस् वा विश्वका शीर्षस्थ वैज्ञानिक अल्वर्ट आइन्स्टाइनलाई नै लिनुस् वा राजनेता विल क्लिन्टनकै कुरा गर्नुस्, वा विश्व प्रसिद्ध साहित्यकार लियो टाल्सटायकै कुरा लिनुस्, यी जम्मै मेरो कुराको ज्वलन्त साक्षी हुन् ।

★ म तपाईंको कुरा गर्न चाहन्छु ?

आई एम जस्ट म्यारिड ।

★ ए हो र, कहिले ?

चार महिना भयो ।

★ कोसँग ?

कमलेश्वरीसँग ।

जन्मेपछी हामीमा सही किसिमले जिउने कला हुनु अति आवस्यक पनि छ जो विकाशानन्दज्यूबाट मैले पाएँ। अर्कोतिर उहाँले दिने दर्शन र स्वास्थसम्बन्धी जानकारी लगायत प्रवचन कार्यक्रमलाई यदी जीवनमा उतार्ने हो भने हामी साँच्चिकै मान्छे बन्न सक्छौं र उहाँको संगतबाट जिन्दगी निरिह, नादान, असफल बन्नबाट बचिन्छ ।

- राजन थापा, पो. उ.म. न. पा. १० अमरसिंह चोक- ०६१-२४८१६

★ उहाँ तपाईंकै डिसाइपल त होइन ?

उहाँलाई मैले रेकी सिकाएको थिएँ ।

★ २०५२ सालमा मैंले तपाईंलाई भेट्दा तपाईं आफूलाई अविवाहित भन्नु हुन्थ्यो त, कसरी..... ?

मेरो त्यतिबेलाको मस्तिष्क मोडिफाइड भैसक्यो ।

★ बाठो कुरा गर्नुभयो नि, रजनीशको जस्तो !

(जोडदार हाँसो) हरेक मान्छे क्षण-क्षणमा परिवर्तित हुन्छ। संसार परिवर्तनशील छ, त्यसकारण म पनि परिवर्तनशील छु। त्यसबेला अविवाहित रहनु मेरो आवश्यकता थियो भने अब विवाहित हुनु मेरो आवश्यकता हुन आएको छ, किन भने मैले प्रतिपादन गर्न खोजेको जीवन-दर्शन कोरा आदर्श मात्र हुनु हुँदैन, व्यावहारिक र फलदायी पनि हुनु पर्दछ। मैले आपसी सु-संवन्ध (Relationship) र सु-संतानको महत्व वारेमा धेरै व्याख्या गरेको छु, र यी कुरा एक जना वैज्ञानिकलेजस्तै प्रमाणित म आफैंले गरे मात्र सवैकोलागि मनन एवं अनुकरण योग्य हुन्छ, हैन र ? मैले विवाह गरेर सन्तान पनि वनाएको छु, आउनुस्, अनुसन्धान गर्नुस् र अनि मैले ठीक गरें वा गलत गरें त्यसको निर्णय दिनुस् ।

★ तपाईं अलिक हिप्पोक्रायटजस्तो लाग्नुहुन्छ ?

एट् टाइम्स । किन भने मलाई राम्रोसँग थाहा छ कि द माइनर हिप्पोक्रायसी वर्क्स एज एन आइडियलिज्म् । वढी भयो भने द्याट वर्क्स एज एन इन्सेनिटी ।

★ भनेपछि केही मात्रामा मान्छे हिप्पोक्रायट् हुनुपर्छ ?

मस्ट वी । अत्यल्प हिप्पोक्रायसीलाई वुद्धको भाषामा भन्ने

डा. योगी विकाशानन्दज्यू एउटा यस्तो महान गुरु हुनुहुन्छ, उहाँ जस्तो गुरु शायद यो नेपालभरि कही छैन ।

सलिना महर्जन- २५११४०

हो भने *'उपाय कौशल्यता'* भनिन्छ ।

★ के भन्या त्यो ?

उपाय कौशल्यता को अर्थ–कहिलेकाहीं सत्यलाई जस्ताको त्यस्तै भन्नुपर्दा लाभको वदला हानि गर्छ । त्यो वेलामा सत्यलाई अलिकति घुमाउरोपारामा भन्नु पर्छ ।

★ एकै छिन् रेकीको कुरा गरौं, रेकीले मानसिक रोग ठीक गर्छ ?

दुइ खाले मानसिक रोगीहरू हुन्छन् । एक खालेहरू तोड-फोड गर्ने खालका हुन्छन् । तिनीहरूलाई उपचार गर्न सक्ने स्थिति कम हुन्छ । तर मानसिक तनाव वा अन्य मानसिक समस्याको भने राम्रोसँग उपचार गर्न सकिन्छ । हाम्रा युवाहरू यस्तो समस्या हुँदा मानसिक चिकित्सककहाँ जाने गर्छन् । ती चिकित्सकहरूले विरामीलाई औषधी दिन्छन् । उनीहरू साइको थेरापिस्ट कहाँ गएको भए राम्रो हुन्थ्यो । किनभने साइको थेरापिस्टले औषधी दिदैन । विरामीको साइकोलोजिकल समस्या थाहा पाउँछ र त्यही अनुसार काउन्सिलिङ्ग गर्छ, सल्लाह दिन्छ । तर साइक्याट्रिस्टले दिएको औषधीले मान्छेको व्रेनलाई डल वनाउन सक्छ । त्यो औषधीको काम भनेको व्रेनका तन्तुहरूलाई निस्कृय पार्नु देखिन्छ । त्यसपछि विरामी "स्टोन" हुन्छ । अर्को कुरा त्यो औषधी लिएपछि त्यसले तुरुन्तै निको पनि पार्दैन, उल्टै औषधीको

गुरु विकाशानन्द साऱ्हे नै बहुमुखी प्रतिभा भएका व्यक्ति हुन् जस्तो लाग्यो । उहाँले ३५ घण्टाको कक्षालाई यती मजाले कसैलाई बोर नगरी सबैलाई हरपल मज्जाको अनुभव गराएर ज्ञान दिनु भयो । उहाँको तेजस्वी व्यक्तित्व र हँसिलो मुहारले नै मनमा पहिलो प्रभाव पार्दछ ।

रोजिन शाक्य- २७६६१६

मात्रा बढाउनुपर्छ। यस्का धेरै खाले साइड इफेक्टहरू त छँदैछन्। अर्कोतिर ती औषधीहरू जिन्दगीभरको लागि खानु पर्‍यो वा दश वर्ष खानु पर्‍यो भने त्यतिन्जेल नै तपाईंको ब्रेन निस्क्रिय हुन सक्छ। साइक्याट्रिस्टकहाँ गएर फर्किने विरामीहरू जो म कहाँ आएका छन् ती पटक्कै हाँस्न सक्दैनन्। दे आर अल्मस्ट डेड। साइक्याट्रिस्टको औषधी त शतप्रतिशत पागल-जो अति खतरनाक हुन्छन् तिनीहरूको लागि मात्रै हो। तर यहाँ त साधारण मानसिक समस्यालाई समेत औषधी दिने चलन छ। यो धेरै खतरनाक छ।

★ मानसिक तनाव, फस्ट्रेशन, डिप्रेशन, अनिन्द्रा आदि भनेको कमन प्रोब्लम् भैसकेको छ। रेकीले यी सबै मानसिक समस्याहरूलाई निको पार्छ ?

हन्ड्रेड परशेन्ट। विरामीले नियमित उपचार गराउनु पर्‍यो र हामीले वर्जित गरेका खानाहरू खानु भएन।



विकासको लागि धेरै भाषणहरू भए तर डा. योगी विकाशानन्द देश विकासको लागि पहिला आफ्नो व्यक्तित्व विकास गर्नुस् भन्ने पहिलो व्यक्ति देखें मैले। उहाँकै प्रेरणाबाट मैले आफूमा पनि परिवर्तनहरू ल्याएको छु, र ल्याउँदै जाने छु। मेरो अनुभवमा उहाँ एक बुद्धिमान, नेतृत्व गर्न सक्षम आध्यात्मिक मान्छेजस्तो लाग्यो।

दिपेश शाक्य, भेडासिं- २२६१९०

अन्तर्वार्ता

डा. योगी विकाशानन्द, जसले "मनोक्रान्ति' उद्घोषण गर्नुभयो, जुन घोषणाले मानिसको हृदय छुन सफल भएको संकेतहरू मिलि रहेको छ । यसको साथै वहाँवाट प्रतिपादित दर्शन के त भन्ने जिज्ञासुहरू पनि धेरै भेटिएको छ । त्यसकारण यस्ताखाले जिज्ञासु महानुभावहरूका जिज्ञासाको समाधानार्थ उहाँसंग हाम्रो सम्पादक मण्डलले लिएको अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ ।

★ नामको अगाडि डाक्टर र योगी थप्नुको कारण के हो, र डाक्टर र योगीमा के-कति फरक छ, बताइदिनु हुन्छ कि ?

एक दशकभन्दा वेसी यौगिक परिपाटीमा साधना गरियो र त्यो अर्थमा एउटा योग सिकाउने योगाचार्यको हैसियतले योगी भइयो । यसरी योगी शव्दले एउटा आध्यात्मिकतालाई समेटेको छ भने डाक्टर शव्द भौतिक विज्ञानको परिपूरक वन्न गएको छ । डाक्टर भन्नासाथ विज्ञानसंग सम्वन्धित भएको हुनाले यसवाट विज्ञानसम्मत कुरालाई विज्ञानसम्मत ढंगवाट जनताको अगाडि प्रस्तुत गर्ने एकजना व्यक्तिको रूपमा म अगाडि आएको छु । यी दुवै टाइटलले एक आपसमा परिपूरकको काम गरेको छ ।

डा. योगी विकाशानन्द एक महान व्यक्ति हुनुहुन्छ । उहाँले पढ्ने, खानेकुरा र Math practice गर्ने बारेमा अनौठो ढंगबाट सिकाउनु हुन्छ ।

सृष्टी राजवंशी- २६४८७६

मान्छेको मस्तिष्कको दाँया हिस्सा आध्यात्मिक हुन्छ र बाँया हिस्सा भौतिकवादी हुन्छ, प्रायः मान्छेहरू या त भौतिकवादी हुन्छन्, या त अध्यात्मवादी हुन्छन् । एक जना योगी डाक्टर वन्नु भन्नु नै दाँया र बाँया दुवै मस्तिष्को काम भैरहेको संकेत हुन आँउछ । यसैले कुनै पनि विषय-वस्तुलाई एकातिर आध्यात्मिक रूपले अंगाल्न सकिरहेको छु भने अर्कोतिर वैज्ञानिक विवेचना र वैज्ञानिक पारावाट हेर्न सकिरहेको छु । यसकारण यो डाक्टर एवं योगी दुबै एकसाथ आउनु भन्नु एउटा वृत्त पूरा भएको संकेत हो ।

यहाँनिर विश्व-विख्यात वहु प्रतिभाशाली व्यक्तित्व लियोनार्दो दा भिन्चीको कथनले मेरो अवस्थाको पक्षमा वकालत गरेको देखिन्छ– To be a perfect human being one has to learn the science of art and the art of science.

★ यहाँले बुद्धको **Philosophy** लाई पनि अध्ययन गर्नु भएको छ, **Hindu Philosophy** लाई पनि अध्ययन गर्नु भएको छ, तर दुबैले प्रभाव पारेको जस्तो देखिँदैन नि ?

साच्है रमाइलो Question गर्नुभयो । हामी खाना अगाडि ल्याउँछौ र त्यो खानालाई चपाउँछौं, खान्छौं र पचाउँछौं तर पचाइसकेपछि जस्तो खाना खाएको हो त्यस्तै निष्कासन गर्दैनौं । हामीले निष्कासन गर्दाखेरि त्यसको रूप वदलिन्छ । जुन चाहिने तत्व हो, चाहिने खुराक हो शरीरलाई आवश्यक परेको जति ग्रहण गरिन्छ र निस्सारलाई शरीरमा राखिँदैन । मेरो प्रकृया पनि त्यही हो–

समाजमा देखिएको विकृतिहरूलाई हटाउने काममा लाग्ने अहिलेसम्म मैले देखेको उहाँ नै वास्तविक व्यक्ति हुनुहुन्छ ।

प्रहलाद पराजुली, कोटेश्वर- ६३०३२७

Marxism, Buddhism होस् वा Hinduism या संसारको कुनै पनि ism किन नहोस्, सबैलाई खाएँ, पचाँए र नचाहिने कुराहरू निकालेर फालिदिएँ । बहु संख्यक मान्छेहरूले के गर्छन् भने Buddhism पढ्छन् अनि Buddhist भएर जिन्दगी बिताइ दिन्छन् । Hinduism को अध्ययन गर्लान् अनि Hindu भएर जिन्दगी बिताइदेलान्, मार्क्सवादीले पनि त्यस्तै गर्लान् ।

खाना खाइसकेपछि मल-मूत्र त्याग गर्न सकेन भने त्यसबाट रोग आउँछ, समस्या आउँछ अनि छट्पटिइन्छ । म यस्ता कुराबाट मुक्त छु । मैले बुद्धलाई पनि पचाएँ, मार्क्सलाई पनि पचाएँ र कृष्णलाई पनि पचाएको छु । उनीहरूका राम्रा पक्ष र शास्वत पक्ष दुवैलाई आत्मसात गरेकोछु । आजको युगमा काम नलाग्ने कुरालाई दिसाको रूपमा निष्कासन गरिदिएको छु । त्यसकारण सबैकुराले छोएर पनि नछोएको जस्तो देखिएको हो ।

गजबको कुरा के छ भने भोजनबाट हामीले लिने सार भनेको थोरै हुन्छ, अनि फाल्ने दिसा-पिसाब भनेको धेरै हुन्छ । हेर्नुस्, हामीले जति खाना खान्छौं करिब-करिब त्यति नै फालिरहेका हुन्छौं । Vitamins, Minerals, ग्लुकोज, एमिनो एसिड आदिलाई शरीरले ग्रहण गर्ने हो, खुराक भनेको त धेरै थोरै मात्र हो, हैन र ?

★ यहाँको दर्शन के त ? यहाँले प्रतिपादन गर्न खोजेको दर्शन के त ?

एउटा कुरा के छ भने संसारमा ज्ञानी पुरुषहरूले यही

डा.योगी विकाशानन्द एक हँसाउने, सिकाउने, जान्ने, प्रेरणा दिने र बुझाउन सक्ने बहुआयामिक व्यक्तित्व हुनुहुन्छ ।

आशिष आचार्य- २८३१९१

दर्शन प्रतिपाद गर्छु भनेर लागेको हुँदैन पनि, हुन्छ पनि, यस पक्षलाई केलाऔं । जस्तै मार्क्स र बुद्धलाई लिऔं । मार्क्सले एउटा Communism तयार पारेको हो, तर बुद्धले कुनै दार्शनिक खाका तयार पारेको होइन । त्यस कारण बुद्धले स्वयं भनेका छन्– *कि मैले भनेको कुरालाई पनि नमान, पहिला तिमी आफैंले सत्यलाई जान ।* यहाँ फरक के छ भन्नाले मार्क्सको सम्पूर्ण दर्शन बाँया मस्तिष्क अर्थात् तर्क, बुद्धि र गणितमा आधारित छ। त्यसकारण त्यहाँ गणित मिलाउनु पर्ने हुन्छ । तर जहाँसम्म दाँया मस्तिष्कको सवाल छ, Beyond the mind को सवाल छ, त्यहाँ दर्शन बनाउने होइन, परम सत्यलाई बुझ्ने हो, त्यसलाई देश काल र परिस्थिति अनुसार अभिव्यक्त गर्ने हो, त्यही संसारको लागि दर्शन हुन्छ ।

आजको विश्वको परिप्रेक्ष्य र परिस्थिति अनुसार जुन नित-नवीन समस्या आइरहेका छन् र त्यसको समाधानमा Concious mind को के-कति हात हुन्छ, Subconcious को के-कति योगदान हुन्छ र Superconcious को भूमिका के-कति हुन्छ, मैले बताउने हो र यस कुरालाई सांगोपाङ्ग बताउने क्रममा मनोक्रान्ति-दर्शन को प्रतिपादन हुन पुगेको हो ।

मनोवैज्ञानिकरूपमा भन्नुपर्दा मनोक्रान्ति भनेको आफ्नो *जीवन र आफ्नो वपरपरीको जगतलाई हेर्ने दृष्टिकोणको आमूल परिवर्तन हो ।*

डा.योगी विकाशानन्दले आफूमात्र एक सरल बाटोमा लाग्ने नभई सारा जनतालाई विश्व बन्धुत्वमा गाँस्ने विचार बोकेको पाएको छु ।

बिकाश श्रेष्ठ, जोरपाटी, बेशीगाँउ- ४८५३९८

जस्तैः जीवनलाई समस्याको रूपमा हेर्ने दृष्टिकोण छोडी चुनौतीको रूपमा हेर्नु, त्यस्तै संसारलाई जंजालकोरूपमा नहेरी कर्म-क्षेत्रकोरूपमा हेर्नु। भाग्यलाई नै दोषी ठान्ने दृष्टिकोण छोडी कर्मलाई नै भाग्य निर्माताकोरूपमा हेर्नु, आदि। एउटा कथाबाट कुरा अझ स्पष्ट पारौं।

एकपल्ट अमेरिकाको एउटा गाउँ अति वर्षाको कारण जलमग्न भएछ। कति मान्छे त्यसैमा डुबेर मरे भने कति कसैगरी भागे। कति मान्छे त आ-आफ्नो कौशीमा चढेर सरकारी राहतको प्रतीक्षा गर्न थाले। त्यस मध्ये एक जना भगवानको प्रार्थना गर्दै रह्यो। त्यतिकैमा उनीहरूलाई ओसार्न एउटा डुंगा आयो, तर त्यो प्रार्थना गर्ने मान्छेले डुंगामा वस्न मानेन, भगवान आएर वचाउने कुरामा विश्वस्त रह्यो। पानीको परिमाण वढ्दै थियो। हेर्दाहेर्दै छाना पनि पानी मुनी डुब्दै गयो। त्यतिकैमा हेलिकप्टर आएर अझै वाकी मान्छे ओसार्दै रह्यो। यस पाली पनि त्यो भगवानमाथि भरोसा गर्ने मान्छे भगवानै आएर वचाउने कुरामा अडिग रह्यो र हेलिकप्टरलाई पनि फर्काइ दियो। पानीको तह माथि-माथि पुग्दै थियो। त्यो मान्छे आखिर डुवेर मरेछ।

अव परलोकको कुरा आउँछ। परलोकमा त्यो भगवानको

विकाशानन्द आजको जस्तो हाम्रो युगको लागि एउटा नयाँ क्रान्तिको उदाहरणकै रूपमा मैले लिएको छु। उहाँले मनोक्रान्ति दर्शनको पहल गर्नुभएको छ, त्यो वास्तवमै अत्ति नै सन्हानीय देखेको छु। यसले साँच्चै नै कुनै दिन हाम्रो यो समाज, राष्ट्र अनि संसारलाई नै बदल्ने छ।

रूपक तण्डुकार- २४१७९०

भक्त भगवानमाथि साऱ्है रिसाएछ– *हे पापी भगवान्, मैले त्यत्रो प्रार्थना गर्दा पनि मेरो ज्यान वचाउन तिमीले केही गरेनौ ।*

उसको कुरा नटुंगिंदै भगवान चिच्याउँछ– *हे मूर्ख मानव, तिम्रै प्रार्थना सुनी हामीले डुंगा पठायौं, तर तिमीले फर्काइदियौ, फेरी अर्को कोशीश गऱ्यौं हेलिकेप्टर पठाएर, त्यसलाई पनि तिमीले तिरस्कार गऱ्यौ ।*

यो कथालाई केलाऔं–

कुनै कारणवश एउटा गाउँ जलमग्न भएछ र मान्छे शंकटग्रस्त देखिन्छ । तर यो शंकटकै कारणले मान्छेले नयाँ ठाउँमा वसोवास गर्ने, नयाँ मान्छेहरूसित मित्रता गाँस्ने र नयाँ पाराले जीवन सुरु गर्ने सुभअवसर पनि त पाएको छ ।

त्यस्तै आँखाले देख्दै नदेखिने भगवानमाथि वा भाग्य माथि भरोसा नगरी आफ्नै पौरखवाट वा आफ्नै वुद्धिको उपयोगवाट शंकटलाई चुनौतीको रूपमा लिई नयाँ जीवनको ठालनीको अवसर पाउन सकिने पाठ यस प्रसंगवाट सिक्न सकिन्छ ।

यही हो मनोक्रान्ति भनेको ।

—— ❀ ——

मेरो दृष्टिमा डा. योगी विकाशानन्द एक र रूप अनेक भन्ने कुरा साँच्चिकै लाग्छ, किनभने उहाँको वाणी, व्यवहार, बोली–बचन र सिकाउने Style बाट म निकै प्रभावित र लाभान्वित भएको छु ।

विनोद कुमार साह, नयाँ बजार, कीर्तिपुर– ३३०२९८

अन्तर्वार्ता

डा. योगी विकाशानन्द हाल मनोक्रान्ति अभियानमा सक्रिय हुनुहुन्छ । विज्ञान, कला र अध्यात्मको समायोजनवाट नै पूर्णमानव निर्माण गर्न सकिन्छ भन्ने धारणा राख्नु हुने उहाँसंग नेवार समुदायको भाषा संस्कृति र यसको पतनमा केन्द्रित रहेर लिइएको अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ– सम्पादक ।

★ तपाईं पहिला नेपाल भाषाको विभिन्न आन्दोलनमा पनि लाग्नुभएको थियो, अहिले आन्दोलन छोडेर मनोक्रान्ति अभियान लगायत रेकी, सुपरलर्निङ्ग, साइकोसाइबरनेटिक्स, योग आदि विभिन्न किसिमको काममा लाग्नु भएको छ । तपाईंलाई भाषा आन्दोलन बेकारजस्तो लागेको हो ?

यो प्रश्न मलाई विभिन्न नेपालभाषाका F. M. रेडियोहरूले पनि बरोवर सोध्ने गरेको हो र उहाँहरूलाई दिएको जवाफैवाट कुरा सुरु गर्न चाहन्छु ।

विकाशानन्द मेरो दृष्टिमा एक समाज तथा देशलाई नभै नहुने व्यक्तित्व र व्यवहारमा क्रान्ति ल्याउने चिंगारी हो भने म जस्तो Guidence wanting person को तिर्खा बुझाउने असल र उत्तम व्यक्ति हुनुहुन्छ ।

देवी राना– ४२७१०२

एउटा बिऊ माटोमा धँसी सकेपछि त्यो टुसाउन थाल्छ, अनि त्यसमा बिस्तारै डाँठ लाग्छ, त्यसपछि पात पलाउँछ र पछि फल पनि लाग्छ– "ओहो तँ त फल पनि निकाल्ने भइस, अब पहिलाको बिऊसँगको नाता टुट्यो ? भनी सोध्न मिल्छ र ? हेर्नुस्, संसारमा कहिँ पनि यथास्थिति कायम रहनै सक्दैन, या त तपाईं क्षणक्षणमा पतन भइरहेको हुन्छ, या त विकास भइरहेको हुन्छ । त्यस बेला अहिलेभन्दा बेसि भाषामाथी पक्षपात थियो, असमानता थियो, त्यसले मलाई भाषा आन्दोलनको साथै मार्क्सवादी चिन्तनप्रति संवेदनशील बनायो र भाषा आन्दोलनमा होमिएँ । त्यसको ठीक तीन वर्षपछि मलाई कब्जियत रोग (Constipation) लाग्यो, त्यस बेला मैले थरिथरिका डाक्टरहरूलाई देखाएँ तर ठीक भएन । अनि एउटा प्रश्न उठ्यो– भोलि मार्क्सवाद आउँछ, तर यसले दिने त त्यही भौतिक कुरा न हो– यही डाक्टर, यही औषधी ! जब भौतिक विज्ञानले मेरो शारिरीक रोग त ठीक गर्न सकेन भने मानसिक समस्या समाधान गर्लान् ? मानौं– भोलि हाम्रो भाषा English भाषाभन्दा विकसित भयो रे, अनि के हाम्रा मानसिक समस्या समाधान भयो त ? भौतिक विज्ञानको माध्ययमबाट एउटा शारिरीक रोग त समाधान भइरहेको छैन भने मानसिक समस्या कहाँबाट समाधान हुन्छ ? भाषा, जाति, धर्म, राजनीति

डा. योगी विकाशानन्दले दिने ज्ञानका कुराहरूमा सबैभन्दा राम्रो पक्ष भनेको हरेक कुरालाई वैज्ञानिक आधारमा मात्र प्रस्तुत गर्नु हो । जीवनको यथार्थ बुझ्न उहाँ एक आधार स्तम्भ हुनुहुन्छ ।

दिन देव बश्याल- ४८३४०१

आदि भन्दा पनि माथि हुन्छ मान्छेको स्वास्थ्य भन्ने कुरा स्वास्थ्य गुमाएपछि थाहा पाएँ। यसले मलाई एक किसिमबाट झक्झक्इदियो, जगाइदियो– जीवनमा सबभन्दा पहिला खोज्नु पर्ने कुरा त स्वास्थ्य पो रहेछ ।

★ तपाईंले भाषा र स्वास्थ्य दुइटा कुरामा छनौट गर्दा स्वास्थ्यलाई रोज्नु भयो । स्वास्थ्य र भाषाआन्दोलनलाई संगै लान सकिएला नि ? त्यस्तो सोच्नु भएन ?

Definitely सकिन्छ, त्यसमा शंकै छैन । तर भाषाको आन्दोलनमा यदि होमिएर लागिरह्ने हो भने सम्पूर्ण मान्छेलाई सेवा गर्नसक्ने मौका सीमित हुन्छ, मनोक्रान्ति अभियानमा जुटें भने संसारभरकै मान्छेको सेवा गर्ने द्वार खुल्छ । यदि मैले नेपाल भाषामा नै लाग्ने हो भने एक जमातको मात्र सेवा हुन्थ्यो, तर संसारभरलाई समेटिने यो मनोक्रान्तिमा लागि सकेपछि त्यसभित्र नेवारहरू पनि पर्ने नै भयो, त्यसकारण मैले यसलाई चुनेको हुँ ।

★ तपाईंले जातीय समानताको चेतना, अथवा जातीयरूपमा हामी सबै एक हौं भन्ने चेतना फैलाउने काम गरिरहनु भएको छ ?

हेर्नुस्, शरीरमा हामी भिन्न छौं, विचारमा हामी भिन्न छौं, तर चेतनामा हामी भिन्न छैनौं। जसरी विभिन्न माटाका भाँडाहरू

सामान्य जीवन यापन गरिरहेका जनमानसले उत्तम जीवन बाँच्न बाटो देखाउने डा. योगी विकाशानन्दलाई हामीले आदर्शकोरूपमा लिनु जरूरी ठानेको छु ।

अनुप गोयल सैंजु, बानेश्वर– ४८८२६९

आकार-प्रकारमा भिन्दा-भिन्दै भएर पनि माटो सबैको एउटै हुन्छ
अथवा माटोको स्तरमा समान हुन्छ । Modern Science ले
भनेका छन् भने हाम्रो Brain मा एउटा चेतनाको अवस्था छ त्य
Meditation वाट Achieve गर्न सकिन्छ, Meditation को Dept
मा संसारभरका मानव एक हौं भन्ने कुराको Feeling develo
हुन्छ, *वसुधैव कुटुम्बकं* भन्ने भावना जाग्छ, संसार नै हाम्
परिवार हो भन्ने चेतना ल्याउँछ र सबै भाषा, सबै जाति यसम
समाहित रहन्छ ।

★ तपाईंको मनोक्रान्ति-दर्शनमा भाषाको के-कस्तो
अवस्था छ ?

मान्छेको मस्तिष्कको विकासमा कुनै पनि भाषाको के
कति योगदान रहन्छ, हामीले फोकस गर्ने त त्यहाँ हो । र य
सन्दर्भमा म के भन्न चाहन्छु भने वैज्ञानिकहरूले अहिले पत्
लगाएको छ कि जसले जति वढी संख्यामा भाषा सिक्छ त्यति
उसको Brain powerful हुन्छ, र वढी भाषा सिक्नासाथ उसक
Brain को सुतिरहेको भागले काम गर्न वाध्य हुन्छ । वैज्ञानिकहरू
भनेका छन् कि मान्छेले ९०% भन्दा वढी Brain ले काम लिइरहेक
छैनन् । भनेपछि हाम्रो मस्तिष्क प्रायः सुतिरहेको छ । त्यो सुतिरहेक
मस्तिष्क जगाउनको लागि पनि विभिन्न भाषा सिक्न जरूरी छ
तपाईंको व्यक्तिगत विकास, उन्नति र उत्थानको लागि पनि भाष
जति वढी सिक्यो त्यति राम्रो, किनभने मस्तिष्कको विकास

डा. योगी विकाशानन्दज्यूको व्यक्तित्व अनुकरणीय छ ।

शिव कृष्ण कोजू- ६१०६४८

त्यसमा पलाउने डेनड्राइटको संख्यामा निर्भर गर्छ र नयाँ भाषा सिक्नाले ती डेनड्राइटहरू वढ्न थाल्छन् र मान्छे सशक्त हुँदै जान्छ। यस अर्थमा मैले यो पनि भन्ने गरेको छु, कि यदि कोही पनि व्यक्ति काठमाडौं, ललितपुर, भक्तपुरजस्ता नेवारवाहुल्य ठाउँमा वसेर पनि नेपाल भाषा वोल्दैन, सिक्दैन भने त्यो हाम्रो साझा दुर्भाग्य हो। राज्यले मात्रै सवै व्यवस्था गर्दैन, राज्यले ५०% मात्रै सघाउँन सक्छ र अर्को ५०% जनताले गर्नुपर्छ। त्यसकारण जुनकुरा राज्यले गर्दैन त्यो कुरा जनताले गर्नुपर्छ। नागरिक भन्ने शब्द केलाउँ– जो नगरमा वस्यो, नगरको नियममा वस्यो, त्यही नागरिक हो, जसले नगरमा वसेर पनि नगरलाई राम्रो पार्ने चिन्तन गर्दैन, त्यो त नागरिक नै होइन, जंगली हो, नागरिकको चिन्तना यो हुनु पर्छ कि म नगरमा छु, त्यसकारण नगरलाई राम्रो पार्ने मेरो पनि दायित्व छ। यस नगरवाट मैले के-कति कुरा पाउँछु भन्ने कुरा मैले यसलाई के-कति दिनसक्छु त्यसमा नर्भर पर्छ। यस अर्थमा पनि जुन-जुन ठाउँमा ज-जसको वाहुल्य छ त्यहाँ वस्ने मान्छेहरूले त्यहाँको भाषा वोल्नै पर्छ, जस्तै यदि मैले पोखराको गाउँमा वसेर काम गर्ने हो भने गुरुङ्ग भाषा सिक्दा मलाई र त्यहाँका जातिलाई फाइदा नै हुन्छ। यही अर्थमा देश भर नै स्थानीय भाषा सिक्नै पर्ने वातावरण सरकारले पनि ल्याउनु पर्छ, यदि सरकारले ल्याएन भने जनताले सरकारलाई यस कार्यको

डा. योगी विकाशानन्दजस्तो गुरु पाउन मुस्किलै होला। उहाँले मेरो जीवनमा नौलो घामको किरण छरी दिनु भयो।

शुभास्वरी दुवाल- ६१३६६७

लागि बाध्य पार्नु पर्छ ।

★ नेपाल भाषा मातृभाषा हुनेहरूले आफ्ना छोरा-छोरीहरूलाई सानैदेखि नेपाली भाषा सिकाउने गरिराखेको छ । तपाईंको भनाइ अनुसार त्यो त गलत भयो, होइन र ?

हेर्नुस्, हाम्रो समाजमा सबैभन्दा बढी ज्वाँइलाई मानिन्छ, निजलाई चुरोट दिएर स्वागत गर्ने चलन पनि छ । चुरोट पिए पछि छिट्टै मर्ने कुरा पनि थाहा छ । यसलाई छोरीलाई छिट्टै विधवा बनाउने योजना भन्न मिल्दैन त ? यो त विकृति हो । त्यस्तै आफ्नो मातृभाषालाई छोडेर अरूको भाषा मात्र अंगाल्नु दास मनोवृत्ति हो पलायनवाद हो । तर यसको मतलब यो पनि होइन कि नेवाहरूले वा अरू कुनै जातिले आफ्नै भातृभाषा मात्रै सिक्नु पर्छ । त्यो पनि बेवकुफी हो, अर्को अतिवाद हो । एउटा बालकले ३/४ वटा भाषा मज्जाले सिक्न सक्छ । अहिले हामीले ल्याएको चिन्तना के हो भने बच्चालाई सुरुदेखि नै तीन-चार वटा भाषा सिकाउने- मातृभाषा, राष्ट्रिय भाषा, अन्तर्राष्ट्रिय भाषा र स्थानीयभाषा ।

★ एकै पटक तीन-चारवटा भाषा सिकाउँदा Confusion हुँदैन र ?

सानो उमेरमा दायाँ मस्तिष्क पनि सक्रिय हुन्छ, जुन ९०% शक्ति सम्पन्न हुन्छ । त्यसकारण Confusion हुँदैन ।

विकाशानन्दज्यू एक महान मानिस, एक महान् गुरु- संसार भरीका महापुरुष-महामानव मध्ये उहाँ पनि एक पर्नु भयो ।

नन्दिता राना-४२७१०२

Confuse आमावावुले पारे मात्रै हो, जस्तो नेपाली सिकाउँदा 'त' र 'ट' छुट्याइदिएन भने वर्वाद हुन्छ । त्यसकारण Confusion गर्ने काम आमावुवाले गर्छ । घरका सवैले एक-एक वटा भाषा जिम्मा लिएर Teacher ले जस्तै सिकाउने हो भने ४/५ वर्ष पछाडि वच्चाले तीन-चार वटा भाषा मज्जाले सिक्छन् र त्यसपछि Confusion हुँदैन, जसले जे वोले पनि ।

अर्को कुरा– कुनै पनि भाषा सिक्नु भनेको खासै गाह्रो काम पनि हैन । यदि भाषा सिकाउने तरीकाको ज्ञान छ भने एकै महिना भित्र कुनै पनि नौलो भाषा सिक्न सक्ने कुरा वैज्ञानिकहरूले वताएका छन् र यस कुरालाई प्रमाणित पनि गरेका छन् ।

हेर्नुस्– अंग्रेजी भाषामा दसलाख भन्दावढी शब्द छन् भने रसियन भाषामा पाँचलाख भन्दा वढी । तर हामीले कुनै पनि भाषा सजिलै सिक्न, सिकाउन मुख्य चार कुरामा ध्यान दिनु पर्ने भाषा वैज्ञानिकहरू वताउँछन् । एक– लाज लाग्ने वानी भाषा शिक्षणको पहिलो दुश्मन हो, तसर्थ यसलाई ढाल्नै पर्छ । दोस्रो– सिकेको नौलो भाषाको वढी-भन्दा-वढी प्रयोग गर्नु पर्दछ । तेस्रो– भाषा सिकाउँदा एकएक वस्तुलाई छोएर, औंल्याए शब्दको स्पष्ट उच्चार ण गर्नु पर्दछ; र चौथो– भाषा सिक्ने क्षमता वढाउन जति सकिन्छ वढी संगीत सुन्ने अभ्यासमा तल्लीन हुनु पर्दछ ।

सवभन्दा वढी प्रचलित सयवटा शब्द मात्रै सिके तापनि अंग्रेजी, रसियनजस्ता जटिल भाषाका पनि २० प्रतिशत शब्द

डा. योगी विकाशानन्द साह्रै रमाइलो मान्छे हुनुहुन्दो रहेछ ।

प्रेरणा राई- २४००९१

सिकेको हुनेछ। याद राख्नुस्, मात्र एक सय शब्द ! त्यस्तै कुनै पनि भाषा काम चलाउ गरी बोल्नलाई मात्र बहुप्रचलित पाँच शय शब्द भए चल्छ। अंग्रेजीको पाँच सय बहु प्रचलित शब्दले ७० प्रतिशत भाषा ओगट्छ भने एक हजार शब्दले ८०.५ प्रतिशत त्यस्तै दुइ हजार शब्दले ८६ प्रतिशत र तीन हजार शब्दले ९० प्रतिशत। साऱ्है राम्रो भाषा बोल्ने वक्ताले पनि पाँच हजार मात्र शब्द प्रयोगमा ल्याउँछ, किनभने पाँच हजार शब्द बोल्न सक्नु भन्नु ९३.५ प्रतिशत अंग्रेजी भाषा ओगट्नु हो।

अंग्रेजी भाषामा सबभन्दा बढी शब्द प्रयोग गर्ने साहित्यकार शेक्सपीयर हो, उनले पनि तीस हजार शब्द कै आसपासमा आफ्ना सारा साहित्य लेखी भ्याए। त्यस्तै रसियाको विश्व प्रसिद्ध लेखक पुस्किनले आफ्ना संपूर्ण साहित्य सोऱ्ह हजार शब्दमा लेखिभ्याएका थिए। भनाइको अर्थ सिलसिलाबद्धरूपमा भाषा सिक्नु र सिकाउने भनेको हामीले सोचेभन्दा धेरै-धेरै सजिलोकुरा हुन सक्छ। त्यसकारण हाम्रा बच्चाहरूलाई तीन-चार वटा भाषा अनिवार्यरूपमा सिकाउनु व्यावहारिक एवं बुद्धिमानी नै देखिन्छ।

★ नेवार आमाबुबाले नेपाली भाषा सिकाउने ? आमाबुबालाई नै शुद्ध नेपाली बोल्न आउँदैन भने कसरी सिकाउने ?

डा.योगी विकाशानन्दजी मेरो दृष्टीमा एक उत्कृष्ट गुरु हुनुहुन्छ। हरेक मानिसलाई जीवनको असल मार्गमा लाग्न प्रेरित गर्न सक्नु नै उहाँको विशेषता हो।

आशिष भि. गुरुङ्ग- ३७३६१६

त्यही त गल्ति भयो नि, ठूलो अपराध भयो । आफैंले नजानेको भाषा सिकाउने त गरियो,जानेको भाषा छाडियो *धोबीका गधा, न घरका न घाटका* भयो, यही हो पतनशीलता । शिशुलाई भाषा सिकाउँदा आमा-बाबुले राम्ररी जानेको भाषावाट सुरु गर्नु अनिवार्य छ ।

★ मानव विकासको क्रममा नेवार जाति एक समयमा माथिल्लो स्तरमा पुगिसकेको थियो– आफ्नै किसिमको संस्कृति, धर्म, भाषा भइसकेको अहिले बिस्तारै पतन हुँदैछ, तपाईंलाई के लाग्छ ?

पहिलो कुरा– प्रायः मान्छे सजिलोपन खोज्छ । सजिलो खोज्ने मनोवृत्ति, मानसिकता जुन छ, यही मान्छेको पतनको कारण हो । त्यसमा नेवारहरू अपवाद रहेन । यहाँनिर caravan सिनेमाको एउटा Dialogue प्रासंगिक छ "Whenever you meet two ways always choose the harder one" जवजव दुइवटा वाटाहरू भेट्टाइन्छ, त्यो वेला गाह्रो चाहीँ रोज्नु, किनभने सजिलोले कमजोर वनाउँछ"

आफ्नो राजनैतिक शक्ति गुमेपछि नेवारहरूले कठिन परिस्थितिको सामना गर्नुभन्दा सजिलो वाटोतिर लागेको देखिन्छ । अहिले नेवारहरूले हरेक ठाउँमा कर्म गर्नुमा भन्दा नगर्नुमा आफूलाई

मेरो भगवान् डा. योगी विकाशानन्द, र म भगवान असल मान्छेलाई भन्छु । उहाँले गर्दा केही गरेर देखाउँछु भन्ने ममा जोश-जाँगर आयो र म केही गरेर देखाउँनेछु ।

अक्षय कुमार कटुवाल (अक्की)- २४७५५२

धन्य ठानेको देखिन्छ। जुलुस निस्कन्छ काठमाडौंमा, एकजना पनि काठमाडौंका मान्छे नहुनसक्छ त्यसमा, किनभने जुलुसमा जान गाह्रो छ, रिस्की छ। वहाल खाएर त्यतिकै वसेको, आफ्नै घर छ परिवार छ, कहाँ जुलुसमा गइराख्ने ? ऊ Action मा उत्रन चाहँदैन, खतरा मोल्न खोज्दैन, किनभने आफ्नो वावु-वाजेले वनाएर छाडेको काठमाडौंको जग्गाको भाउ वढीरहेकै छ, एक टुक्रा वेच पनि पुगिहाल्छ मोज गर्न ! उसले के गर्छ ? यो पलायनवादको मनोविज्ञान हो । पलायनवादको मनोविज्ञान जुन दिनदेखि नेवारहरूले समाते उनीहरू पतन हुन थालेको देखिन्छ। त्यसकारण यदि उनीहरूलाई फेरि पुरानै गरिमामा फर्काउने हो भने यो मनोवृत्ति फेर्नु पर्छ। याद राख्नुस्, देशवाहिर पुगेका प्रायः नेवारहरू अहिले पनि वढी परिश्रमी र जागरुक देखिन्छ।

★ एकातिर नेवारहरूको संस्कृति राष्ट्रिय संस्कृति भन्ने कुरो आइरहेको छ, अर्कातिर मान्छेहरू के भन्न थालेका छन् भने बाजा बजाउने, नाचगान गर्ने र सारा चाडपर्व परम्परा धानेर नै नेवारहरू पछाडि परेको हो । यसमा तपाईंको धारणा के छ ?

संस्कृतिको जहाँसम्म सवाल छ सवै संस्कृति पुराने हुँदैमा नराम्रो हुँदैन र नयाँ हुँदैमा राम्रो हुने हैन। हामीले छान्न के

डा. योगी विकाशानन्द एक त्यस्तो व्यक्ति हुनुहुन्छ जस्ले पहिलो पटक नेपालमा मनोक्रान्ति घोषणा गरेर नेपाललाई मात्र नभई संसारलाई नै राम्रो बाटो तर्फ लाँदैहुनुहुन्छ।

अनिल तुलाधर- २८२७४२

जानेनौं भने, कुन सामयिक संस्कृति हो र कुन असामयिक । असामयिक कुरालाई फाल्दै सामयिक कुरालाई जोड्दै लैजानु नै प्रगतिशीलता हो, गतिशीलता हो । नेवारहरूले धेरै संस्कृति वनाए, चलाए, कति संस्कृतिले संस्कृतिलाई थिची, संस्कृति पनि विकृति भएका छन् । अव संस्कृतिभन्दा वढी विकृति बढेको देखिन्छ– जस्तै रक्सी पिउनु पनि संस्कृति, जाँड खानु पनि संस्कृति, जथाभावि खानु पनि संस्कृति हो भने, विकृति केलाई भन्ने त ? संस्कृतिको नाउँमा विकृतिलाई ठेलेको कारणले पनि नेवारहरू विग्रिएका हुन् । अव छुट्याउनु पर्छ– कुन-कुन 'संस्कृति' हामीलाई पनि काम लाग्दैन र कुन-कुन संस्कृति हामीलाई मात्रै होइन मानव जातिलाई पनि काम लाग्छ । अहिले राष्ट्रिय संस्कृतिमा सीमित रहने युग होइन, विश्व संस्कृतिको युग हो । संस्कृति जगेर्ना गर्नुको नाउँमा नयाँ चीजवाट वन्चित रहनु भएन । पुरानो यदि राम्रो भए मात्र फर्काउन पर्छ, चलाउनु पर्छ । त्यही वेला नयाँ संस्कृतिको विकास गर्नु पनि छोड्नु भएन । जस्तै अव नेपाल लिपि र संस्कृत भाषाको कुरा गरौं, नेपाल लिपि र संस्कृत भाषा भनेको हाम्रो भएको कारणले मात्र हामीले सिक्नु पर्छ भन्ने जुन मान्यता देखिन्छ, यो एउटा साऱ्है खतरनाक कुरा हुनसक्छ । त्यसको उपयोगिता छ भने मात्र सिक्ने, नभए त्यसलाई छोड्न

डा. योगी विकाशानन्दज्यूले ल्याउनु भएको मनोक्रान्ति अभियान यस संसारलाई परिवर्तन गर्न सक्ने एक सशक्त हथियार हुन सक्ने कुरामा दुइमत हुने छैन ।

दिनेश रेग्मी, हेटौंडा-५, ०५७-२३१०२ हाल काठमाडौं- २६६५८८

सक्नु पर्छ । संसारका कतिपय भाषाले आफ्नो लिपि छोडेर अर्को लिपि प्रयोग गरिसकेको छ, जस्तै भारतको मराठी भाषाला लिनुस् । त्यस्तै अंग्रेजी भाषाको स्रोत ल्याटिन भएतापनि अमेरिका-इंगल्याण्डमा यस भाषालाई विद्यार्थीमाथि लादिएको पाइँदैन, तर हाम्रा साशकहरूले संस्कृत भाषा विद्यार्थीमाथि लादि हेका छन् । जम्मैलाई चाहिने कि कसै-कसैलाई चाहिने हो यो लिपि, यो भाषा ? त्यो ठम्याउनु पर्‍यो । कसै-कसैलाई चाहिनेलाई कसै-कसैलाई पढाइदिनु पर्छ भने जम्मैलाई चाहिने कुरा भए संसारमा फैलाइदिनु पर्छ, कसैलाई नचाहिनेलाई म्यूजियममा सजाउनु पर्‍यो ! त्यस्तै नाच-गानको कुरा गरौं । नाचगान कोरा मनोरञ्जनमात्र हैन, यो थुप्रै रोगहरूको विना औषधी गरिने चिकित्सा-पद्दति पनि हो भन्ने कुरा वैज्ञानिकहरूले सिद्ध गरेका छन् । अमेरिकातिर Dance therepy भनी नाच-गानवाट उपचार गर्न थालेको छ । यस्ता हाम्रो संस्कृतिलाई जाँड-रक्सीको संसर्गवाट छुटाउनु पर्छ र श्वास्थ्य हासिल गर्ने उपायकोरूपमा स्थापित गर्न सक्नु पर्छ, र यस्ता हाम्रा संस्कृति दुनियाँलाई पनि सिकाउने वातावरण तयार गर्नु पर्छ ।

त्यस्तै धार्मिक सहिष्णुताकै कुरा लिऔं । नेवारहरू हिन्दू-वौद्ध एक साथ दुवै हुन् । नेवारहरूले दुवै धर्म एकै साथ मानिरहेका

डा. योगी विकाशानन्द जीवनलाई हेर्ने र जिउने दृष्टिकोणमा आमूल परिवर्तन ल्याइदिन सक्ने ओजस्वी व्यक्तित्वकोरूपमा महसुस गरेको छु ।

बलराम अधिकारी- ५२५४४०

छन् । यो उनीहरूको विशाल हृदयको उदाहरण हो जुन संपूर्ण विश्वले सिक्नु पर्ने देखिन्छ ।

★ अरू केही उदाहरण दिनुस् न ?

रक्सी पिउनु नेवारहरूको 'संस्कृति', धर्मको नाउँमा पशुको वलि चढाउनु, प्रशस्त मात्रामा राङ्गाको मासु खानु, नेवारहरूको 'संस्कृति' मानिन्छ । परिणाम अहिले सवभन्दा वढी Kidney को Problem नेवार समुदायमा देखापरेको छ । राङ्गाको मासु White meat नभएको कारणले वढी हानीकारक छ । नेवार-संस्कृति भित्रको छोय्लाको कुरा लिनुस्– मासुलाई पोल्दा माथिको तह डढ्छ, त्यो खानु क्यान्सर रोग निम्त्याउनु हो भनी वैज्ञानिकहरू भन्छन् । छोयला हाम्रो संस्कृति हो भनेर खाइदियो भने त सिध्यो !

नेवार जातिले यदि आफूलाई समयानुकुल ढाल्ने र वचाउने हो भने उसको सम्पूर्ण 'संस्कृति'लाई विज्ञानको तराजुमा तौलिनु पर्छ र जुन कुरा विज्ञानसम्मत हुँदैन त्यसवाट वच्न सक्नु पर्छ । जन्म संस्कारदेखि मृत्युसंस्कारहरूमा देखिएका अवैज्ञानिक, असामयिक एवं अनैतिक कुरा तुरुन्तै फेर्नु पर्छ, ।

★ मृत्युको कुरो गर्नु भो, नेवारहरूमा दार्शनिकरूपमा हेर्दा बाबुचाहिँले पाप गर्ने अनि छोराले दानपुण्य गर्दा स्वर्ग पुग्ने एउटा धारणाले मृत्यु संस्कारको काम

डा. योगी विकाशानन्द म लगायत विश्वकै मार्गदर्शक हुनुहुन्छ, जसले मजस्ता धेरै साथीहरूको आफूभित्र रहेका गुण चिन्ने शक्ति प्रदान गर्नु भएको छ ।

श्रीधर कडेर– ३५५८५६

चलिराखेको छ, के यो आध्यात्मिक रूपमा सम्भव छ ?

अध्यात्मको Central point भनेको कर्मवाद हो। कर्मवाद भनेको के हो भने – मैले जे गर्छु त्यसको परिणाम मेरो संस्कार बन्छ र त्यसको फल मैले भोग्नै पर्छ। जसरी मैले झूठो बोलें भने, बेमाइनी गरें भने, अन्याय-अत्याचार गरें भने ती जम्मै मेरो संस्कार बन्छ, अनि यस्तो समय आउँछ जहाँ मैलै चाहेर पनि सत्य बोल्न सकिंदैन, गतिलो काम गर्न सकिंदैन। किनभने त्यो संस्कार बनिसक्यो, यसलाई कर्मवाद भनिन्छ।

मेरो कर्म नै अशुद्ध छ भने मेरा छोरा-छोरीले जति दान-दक्षिणा दिए पनि मलाई कसरी मिल्छ ? त्यसैले सही काम वा कर्म गर्नु नै दुष्परिणामबाट बच्ने एक मात्र उपाय हो।

★ अहिले विभिन्न जातिहरूले आन्दोलन चलाइरहेको छ। कसैले जातीय स्वशासन, कसैले आत्मनिर्णयको अधिकारको कुरा गरिरहेका छन्। एउटा समग्र मानव विकासको निम्ति अथवा जातजातिबीचको वैमनस्यता समाप्त गर्नको निम्ति राज्यले कस्तो किसिमको नीति अपनाएको खण्डमा यो समस्यालाई समाधान गर्न सकिन्छ ? यो समस्यालाई तपाईंले कसरी लिनु भएको छ ?

डा. योगी विकाशानन्द नेपालको परिप्रेक्ष्यमा एक महान क्रान्तिकर्ता हुनुहुन्छ। उहाँमा भएका आन्तरिक ज्ञान, आचरण, व्यवहार एक ईश्वरको भन्दा पनि कम छैन। त्यसैले उहाँलाई मैले जीवीत ईश्वरकोरूपमा लिएको छु।

लिला तिवारी, नेपाल कमर्श क्याम्पस- २४३२४३

स्वशासनको कुरा गर्दा जहाँ-जहाँ जुन-जुन जाति छन् उनीहरूको भाषामा त्यहाँको राज्ययन्त्र संचालित हुनु पर्ने देखिन्छ। यस अर्थमा एउटा मात्रै नभई राज्यले तीनवटा भाषा लागू गर्नुपर्ने म देख्छु। राज्ययन्त्रले जनतालाई राष्ट्रिय, अन्तर्राष्ट्रिय र स्थानीय भाषा गरी तीनवटा भाषाको अधिकार दिनुपर्ने देखिन्छ। यदि यो अधिकार दिएन भने जनताले आफूलाई अपमान गरेको ठान्छ र जनता शान्त रहँदैन र विद्रोह गर्छ। त्यस्तै संस्कृतिमा पनि राज्ययन्त्रले एउटै मात्रै संस्कृति अंगाल्नु हुँदैन। यदि एउटा मात्र संस्कृतिलाई राष्ट्रिय संस्कृतिको स्थान दियो भने जनता दुःखी हुन्छ। राज्यले आफूलाई कुनै एक धर्म, वर्ग, वर्णसँग जोड्नु हुँदैन, किनभने राज्य भनेको सवैको साझा हो। अथवा राज्यले सवै धर्म-संस्कृतिलाई समान अवसर प्रदान गर्नु पर्ने देखिन्छ। त्यस्तै जनताले पनि एउटै मात्र संस्कृति अपनाउनुको सट्टा स्थानीय वासिन्दाहरूको संस्कृतिलाई पनि अंगाल्नु पर्छ। यसरी हामी एक भाषीवाट वहु भाषी, एक संस्कृतिवाट वहु संस्कृति र एक धर्मवाट वहुधर्मी हुन पर्ने देखिन्छ। तर यसमा रहेका अवैज्ञानिक कुरावाट भने वच्नै पर्छ।

★ तपाईंले नेवार जाति बिस्तारै पतनोन्मुख भइरहेको महसुस गर्नु भएको रहेछ, प्रगतितर्फ लानको लागि यो समुदायलाई तपाईंको सल्लाह-सुझाव के छ ?

अहिलेको युग वैज्ञानिक मानसिकताको युग हो, त्यसैले

डा. योगी विकाशानन्दज्यू आजको युगकै गुरु हुनुहुन्छ।
सुवर्ण महर्जन, पुल्चोक- ५२०८९४

कुनै पनि कुरा विज्ञानसम्मत छ-छैन भनेर जाँच्ने सोचको विकास गर्नु पर्‍यो । विज्ञान र प्रविधिले ल्याएका कुरालाई नेवार-जातिले पनि Center point को रूपमा सम्मान गर्न सिक्नु पर्‍यो र Political power छोड्नु भएन, किनभने Political power भनेको राज्यको Center point हो ।

त्यस्तै अहिलेको युग वैज्ञानिकरूपमा Mind technology को युग हो । यसको हामीले फाइदा उठाउनु पर्छ, किनभने सबैसँग Mind हुन्छ । यदि Mind technology लाई Decline भइरहेकाहरूले पनि आफ्नो जीवनमा ल्याइदियो भने फेरी उत्थानको शिखरमा पुग्न सक्छ, त्यसमा शंका छैन ।

★ **Mind Technology** के हो त ?

व्यापकरूपमा संसारभर चलिरहेको कुरा हो Mind Technology, Psycho-Cybernetics, Superlearning, Neuro Linguistic Programming, Mind Control Method आदि यी कुरा संसारको वजारमा आएका छन् । अध्ययन गर्नु पर्‍यो, Mind Technology लाई अध्ययनको केन्द्र वनाउनु पर्‍यो, अहिलेसम्म त अध्ययन भनेको त्यही भाषा, जाति, संस्कृति र साहित्यमा सीमित देखिन्छ । वावु-वाजेले घ्यू खाँदैमा आफ्नो हातमा घ्यूको वासना त आउँदैन नि, उनीहरूको हातमा पो वासना आउँथ्यो ।

★ यदि प्रगति गर्ने हो भने **Political Power** मा आफू

डा. योगी विकाशानन्द बडो विद्वान मान्छे हुनुपर्छ भन्ने लागेथ्यो, उहाँको सामिप्यले सो पुष्टि गरेको महसुस मलाई भयो ।

दीपक, लगनखेल

पुग्नुपर्छ भन्नु भयो, तर यहाँ उल्टो छ नि, जहाँ नेवार हरूको वाहुल्य छ त्यहाँ गैर-नेवारहरू जितेर सांसद भइराखेका छन् ।

संसारमा हरेक सभ्यता उत्थानतिर लाग्छ त्यसपछि पतनतिर आउँछ । नेवार-जाति पनि उत्थानतिर पुगि सक्यो र अव पतनको खाडल उसले छुन खोजेको देखिन्छ ।

वन्चरोमा काठको विंड राखेर मात्रै वन्चरोको विंडमा समातेर रुख काटिइन्छ, हैन र ? यसरी एउटा रुखलाई काट्न अर्को रुखकै प्रयोग हुन्छ, कसो ? त्यस्तै अरू ठाउँवाट आएका मान्छेहरूले यहाँवाट चुनाव जित्छन् र सासंद हुन्छन् भन्ने कुरा पनि यस्तै हो । किनभने उनीहरू त 'वन्चरो' मात्रै हो त्यसलाई सघाउने 'विंड'हरू त नेवारहरू नै त हुन् !

★ राज्यको सुविधा बढी उपत्यकामा नै केन्द्रित छ, तर पनि नेवारहरूमा उत्साह-जाँगर देखिदैन, तपाईंलाई यस्तो लाग्दैन ?

संसारमा कोही पनि महापुरुपका छोराछोरीहरू महापुरुष भएनन्- अपवाद छोडेर । ती कलाकार, राजनेता, वा अन्य कुनै महापुरुषलाई शिखरमा पुग्नको लागि जति संघर्ष गर्नु परे उनका छोराछोरीले त्यस्तो संघर्ष गर्नु परेन । सवै सुविधा त्यतिकै उपलब्ध छ, यी सुविधाको कारणले नै उनीहरूको उत्थान हुँदैन ।

डा. योगी विकाशानन्द मेरो नजरमा एक आदर्श व्यक्तित्व एवं यो देशलाई बिउँझाउने महान कार्य गर्ने एक विद्वान हुनुहुन्छ ।

अजय, मध्यपुर ठिमी

नेवारहरूलाई पनि त्यही भएको हो । काठमाडौंलाई राजधानी वनाइनु पनि नेवार समुदायको पतनका कारण वनेको देखिन्छ। यस जातिको आफ्नो कारणले होइन, सुविधाका भोगी मानसिकताको कारणले । काठमाडौंवाट वाहिर गएका नेवारहरू एक-से-एक पनि छन् । काठमाडौं वसिरहँदा सुविधा वढी खोज्छ, नौलो काम गर्न अप्ठ्यारो मान्छ, लाज मान्छ, साहस गर्दैनन् उनीहरू । साहसी नहुनु वा लाज हुनु मानसिक रोग हो भनेर वुझ्नुस् । यो गालि गरेको होइन, यो वैज्ञानिकहरूले भनेकै कुरा हो । वढी लाज भनेको साइकोलोजीकल रोग हो । यहाँका मानिसहरूमा नौलो काम गर्दा अरूले के भन्ला भनी सोच्छन् । त्यही इज्जतको आडम्वरले उनीहरूलाई पतन गराउँछ । कोही पनि व्यक्तिले इज्जतको ख्याल गरुञ्जेल ऊ महान हुनै सक्दैन । नेवारहरूले पनि एक पल्ट उपत्यका वाहिर वसेर हेर्नु पर्छ । अनि संघर्प के हो, कसरी पाखुरी जुधाउन पर्छ, नयाँ परिस्थितिमा कसरी आफूलाई Adjust गर्नु पर्छ, त्यो थाहा हुन्छ । नत्र सुविधाको भोगी मात्र हुने हो भने अहिले जति पतन भयो अवको वीस वर्षपछि.... ! यसै सन्दर्भमा कवि दुर्गालालको कविता सान्दर्भिक हुन आउँछ

विश्वया थ्व थाय् छकूं थपाय्सकं क्वह्यंगु छाय् ?
थन मनूत सृष्टियागु अःकथं न्ह्यज्याःगु छाय् ?
न्ह्यः न खः थ्व, ज्वः न खः, मस्यूनि छुं ?
चाय्कं गःपतय् किलं इकिक्क हे मसंनि सुं !

रेकी अर्थात् छोएर गरिने उपचार

कलाकार सानुराजा महर्जनलाई शरीरका विभिन्न भागमा खटिरा र विमिरा वारम्वार आइरहँदा लाग्ने गर्थ्यो– यो समस्याले मर्ने वेलासम्म पनि छाड्ने भएन । हजारौं रूपैयाँ खर्च गरे, खटिरा निको पार्न उनले देश-विदेशमा उपचार गराए तर निको भएन । उनी भन्छन्– *यो समयमा साथीभाइ र देख्नेले खटिराको वर्गीकरण गरेको देख्दा र नानाथरि भनेको सुन्दा दिक्क लागेर आउँथ्यो ।* एफ. एम. रेडियोवाट रेकी उपचार विधिसम्वन्धी सुनेर उनले *रेकी होलिष्टिक हेल्थ स्टोर,* कमलादीवाट उपचार लिए र केही समयमै निको भयो ।

हजारौं रूपैयाँ खर्चेर डाक्टरी उपचार गर्दागर्दा वाक्क भएका महर्जनले जम्मा २१ दिनमा, १ हजार रूपैयाँमा लामो समयदेखिको समस्यावाट मुक्ति पाए । उपचारकै क्रममा उक्त *हेल्थ स्टोर*मा आएका महर्जनले खुसी हुँदै भने *'मैले रेकी उपचारबाट यसरी निको हुन्छ भन्ने कल्पनासम्म पनि गर्न सकेको थिइनँ ।* टाउको दुख्ने, पेट दुख्ने, कम्मर, ढाड दुख्ने र अन्य विभिन्न रोगीहरूका यस्तै सुखद् अनुभवहरू सुन्न सकिन्छ– रेकी क्लिनिक-केन्द्रहरूमा पुगेपछि ।

'रेकी उपचार विधि' झट्ट सुन्दा हामीलाई नौलो लाग्न सक्छ । तर, यस किसिमको उपचार-विधिको अनुभव र स्वाद

मेरो दृष्टिमा डा. योगी विकाशानन्द महान् व्यक्ति एवं एकदम रमाइलो, नानीदेखि बृद्ध ब्यक्तिहरूको मर्म बुझ्ने, सारा मानिसहरूको कोमल हृदय छुनसक्नेजस्तो लाग्यो ।

सीता नेम्बाङ्ग, रत्न राज्य लक्ष्मी क्याम्पस

लिइसकेपछि सबैलाई एकपटक अनुभूति हुन्छ– *यो त साँच्चै गजबको उपचार विधि रहेछ ।* वर्तमान विश्वमा सरल एवं लोकप्रिय वैज्ञानिक चिकित्सा पद्धति तथा उपचार विधिको नाम नै 'रेकी' हो । रेकीको अर्थ ब्रह्माण्डव्यापी ऊर्जा अर्थात् शक्ति भन्ने बुझिन्छ ।

यो उपचार विधिमा विरामीलाई धैर्यको आवश्यकता पर्छ। आराम लिनु र सन्तुलित भोजन गर्नुका साथै विरामीले उपचार लिने बेलामा ध्यानमग्न पनि हुनुपर्छ । यसरी हेर्दा रेकी उपचार विधि पनि योगजस्तै लाग्न सक्छ तर रेकी योगभन्दा धेरै कुरामा भिन्न उपचार विधि भएको बताउनुहुन्छ– डा. योगी विकाशानन्द ।

जापानका डा. मिकाउ उसुइ रेकी पद्धतिका आधुनिक प्रर्वतक हुन् । उनले १८ औं शताब्दीको उत्तरार्द्धतिर यो पद्धति सुरु गरेका थिए । नेपालमा रेकी उपचार विधि भित्र्याउने पहिलो व्यक्ति डा. योगी विकाशानन्द नै हुनुहुन्छ ।

नेपालमा यो उपचार विधि सुरु भएको भर्खर ६ वर्ष भएको छ । विरामीको शरीरमा रेकी हिलर (उपचारक)-को हातले स्पर्श गरेपछि विरामीलाई आनन्दको अनुभूति हुन्छ र दुःखेको निको हुँदै जान्छ । विरामीलाई सुत्न लगाई रेकी हिलरहरूले दुःखेको ठाउँमा स्पर्श गर्छन्, त्यतिखेर विरामीको शरीरमा शक्ति संचार हुन्छ र निको हुँदै जान्छ, यो नै रेकी पद्दतिको उपचार विधि हो । यसलाई रेकी हिलरहरू फस्ट 'डिग्री' उपचार वा कन्ट्याक्ट हीलिङ्ग भन्छन् ।

डा.योगी विकाशानन्दजीमा हँसाइ–हँसाइ मान्छेमा केही गरुँ भन्ने भावना ल्याउन सक्ने खुबी छ । आँट नभएकालाई आँट जगाउने उहाँको खुबीले ममा पनि परिवर्तनको भावना आएको छ ।

सुशिला जोशी– ४२८५१६

'सेकेण्ड डिग्री' अन्तर्गत केही आश्चर्य लाग्दो विधि पनि पर्दछ । यस किसिमको उपचारमां रेकी हिलरसंग समय मिलाई बिरामी आफ्नै घर वा कुनै टाढाको जिल्ला अर्थात् बाहिरी देशमा पनि बस्न सक्छ । करिब २० मिनेटसम्म बिरामीले आराम गरी बस्नुपर्ने हुन्छ । त्यो समयमा बिरामीको तस्वीर थाहा पाइसकेपछि रेकी हिलरले बिरामीको शरीरमा शक्ति सञ्चार गराउँदछ । यसलाई दुरस्थ उपचार विधि वा डिस्ट्यान्ट हीलिङ्ग पनि भनिन्छ ।

स्पर्शभन्दा दुरस्थ उपचार गर्दा बिरामीले तीन गुणा बढी शक्ति ग्रहण गर्ने बताउनुहुन्छ– रेकीहिलर एवं *रेकीहिलर एसोसिएसन नेपाल*का सचिव गोपाल प्रधान । सरुवा रोग लागेका बिरामीहरूलाई विशेषगरी यस किसिमको उपचार दिइने पनि उहाँ बनाउनुहुन्छ । यो उपचार लिंदा बिरामीलाई उसको शरीरमा तापक्रम बढेजस्तो, निद्रा लागेजस्तो, जिउ वाउँडेजस्तो भएको अनुभूति हुने गर्दछ ।

प्रथम र द्वितीय डिग्रीको दीक्षा लिइसकेपछि थर्ड डिग्रीमा आइपुग्दा बिरामी स्वयं रेकी मास्टर अर्थात् रेकी गुरु बन्न सक्दछ र उसले प्रशिक्षण पनि दिन सक्छ ।

रेकी उपचार एउटा बिरामीले कम्तिमा २१ दिनसम्म लिनुपर्दछ । उपचार लिन सुरु गरेपछि तुरुन्तै बिरामीमा प्रभाव देखापर्छ । नेपाल-भारतका विभिन्न अस्पतालमा धाउँदाधाउँदा हैरान भएका रोगीहरू रेकी क्लिनिकमा पुगेर निको भएका प्रशस्त उदाहरणहरू भेटिन्छन् ।

डा.योगी विकाशानन्दजी भेट्नु नै मेरो लागी जीवनकै ठूलो शौभाग्य ठान्दछु । उहाँको हरेक शब्दहरूबाट मलाई दिन-प्रति-दिन सफल व्यक्तिको अनुभव भइराख्या छ, र उहाँको साथमा नै रहन चाहन्छु ।

नगेन्द्र नेम्बाङ्ग-५७०२११

आर्थिक दृष्टिकोणले पनि डाक्टरी उपचारको तुलनामा धेरै सस्तो तथा आरामदायक उपचार विधि भएकै कारण मानिसहरू रेकी उपचारार्थ क्रमशः आकर्षित हुँदै आएको अनुभव सुनाउनुहुन्छ। *रेकी होलिष्टिक हेल्थ स्टोर,* असन, कमलाक्षीका सञ्चालक गोपाल प्रधान, उहाँको क्लिनिकमा हाल २० जनाभन्दा बढीले उपचार लिइरहेका छन् र कैयौं निको भई फर्किसकेका छन्।

टाउको, पेट र ढाड दुख्ने रोगले ग्रसित बन्न पुगेका मोहन केसीले पनि डाक्टरी औषधीमा धेरै खर्च गरेका थिए। रेकी उपचार लिएपछि उनी आफ्नो रोग पूर्ण निको भएको बताउँछन् २१ दिने उपचारको क्रममा मात्र ९ सय खर्च गरेर पूर्ण आनन्द लिएको अनुभव सुनाउँछन् उनी।

हाल काठमाडौंमा २० वटा जति रेकी क्लिनिकहरू सञ्चालित छन्। विदेशी मुलुकहरूको तुलनामा नेपालमा यो उपचार-विधितर्फ जनचासो त्यति नदेखिएको भान पनि हुन्छ तर, अहिले यो उपचार लिइसकेकाहरूको अनुभववाट प्रभावित भएर तुलनात्मकरूपले रोगीको संख्या वृद्धि हुँदै गएको छ।

६ वर्षको अवधिभित्र झण्डै ४ हजार नेपालीहरू रेकीहिलर (उपचारक) भइसकेका छन् भने हजारौं नेपालीले यो उपचार विधिको अनुभव लिइसकेको कुरा विभिन्न रेकी क्लिनिकमा काम गर्ने रेकीहिलरहरू बताउँछन्। ४ हजार जति मानिसलाई आफूले प्रशिक्षण दिएको डा. योगी विकाशानन्द बताउनुहुन्छ। रेकी

अन्याय, अत्याचार, कुविचार आदि बढिरहेको यो दुनियाँमा डा. योगी विकाशानन्दमा यी सबै नाश गर्न आउनुभएको कृष्णको रूप मैले देखें। वहाँको लेक्चर सुन्दा मलाई यस्तो लाग्छ कतै हाम्रो दुनियाँ कुलियुगबाट सत्ययुगतिर जान लागको पो हो कि ?

संजना श्रेष्ठ- ४३३४०२

क्लिनिकले एउटा विरामीवाट एक साताको न्यूनतम ३ सयदेखि ४ सयसम्म लिने गरेका छन् ।

क्यान्सर, एच. आइ. भी. एड्सजस्ता भयानक रोगवाट ग्रसित भएर राम्ररी खान-वस्नसमेत नसक्ने पीडितहरू पनि रेकी उपचारपछि खान, वस्न सक्नेसम्म हुन्छन् भन्नुहुन्छ– *रेकीहिलर एसोसिएसन*का सचिव गोपाल प्रधान । यद्यपि रेकी उपचारले यस्ता रोगीलाई पूर्णरूपमा निको गराउने भने होइन । केवल केही समयको लागि आनन्दको महसुस हुने मात्र हो ।

हाल यो उपचार पद्दति जापान, भारत, अमेरिका, चीन, सिंगापुर, नाइजेरिया, पोल्यान्ड, वेलायत आदि देशहरूमा अपनाइएको छ । मुटुको रोग, दम, कब्जियत, एलर्जी, घाँटी दुख्ने, ढाड दुख्नेजस्ता रोगका विरामीहरूले आफूहरू रेकी उपचार विधिवाट लाभान्वित भएको वताउँछन् ।

काठमाडौं रेकी उपचार केन्द्र (नरदेवी, ताम्सीपाखा) की सञ्चालिका सुनिरा मानन्धरले रेकी उपचारवाट हालसम्म झण्डै ३ सय विरामीहरूको रोग निको वनाइसकेकी छिन् ।

१० वर्षदेखि मानसिक रोगले ग्रस्त र डाक्टरी औषधी गर्दा थकित रत्न केशरी ताम्राकार हुन्, या ब्लड प्रेसरको असरले खुट्टै नचल्ने अवस्थामा पुगेका नीलकाजी कंसाकार हुन्– उनको उपचार केन्द्रवाट मात्र ३ महिनामा निको भएको श्रीमती मानन्धर वनाउँछिन् ।

श्रीमती मानन्धर स्वयं विभिन्न रोगले पीडित थिइन् । पछि उनले रेकी उपचार लिएर निको भइन् । उमेरले उनी ५५ वर्षकी छन्, तर निकै फूर्तिलो भएकी छिन् । *यो सवै रेकी उपचार कै कमाल हो,* उनी भन्छिन् ।

त्यसो त मानसिक चिन्ताका कारण केही समय पहिलेदेखि योगासन गरिरहेका किसोर तिवारी पनि रेकी उपचारका लागि

रेकी होलिस्टिक हेल्थ स्टोर, असनमा पुगेका छन् ।

उपचारले मात्र हुँदैन, खानामा पनि हिलरहरूले सुझा दिएअनुसार खानुपर्छ, उनी भन्छिन्– *औषधी खानु नपर्ने, साइ इफेक्ट नहुने र तुलनात्मकरूपले कम खर्चमैं उम्किने नै रेकी उपचारका विशेषता हुन् ।*

रेकी क्लिनिक, ठमेलमा हाल २३ जनाले उपचा लिइरहेका छन् । ढाड दुख्ने रोगले सताएर ९/१० हजार डाक्टरी औषधीमा खर्च गरिसकेकी नानु धिताल रेकी उपचार लिएपछि हाल उक्त क्लिनिकमै कार्यरत छन् । रेकी उपचारले पैसा बचत हुने, समय पनि बच्ने र चाँडो निको हुनाले उक्त उपचार विधि राम्रो भएको उनको धारणा छ ।

ॐ रेकी क्लिनिक, पाटनकी अम्बिका श्रेष्ठले हालसम्म झण्डै ५५ जनालाई रेकी उपचार दिइसकेकी छन् ।

रेकी क्लिनिकबाट उपचार लिएर निको भएपछि धेरै जसोले धन्यवादस्वरूप आफ्ना सुखद् अनुभवहरू लेखेर छाड्ने गरेका छन् । क्लिनिकहरूमा उनीहरूले लेखेका अभिव्यक्तिहरूको संकलन गरेरै राखिएको देख्न सकिन्छ ।

२१ दिनभित्रै उपचारक (हिलर) तयार पार्न सक्नु पनि रेकी उपचारको विशेषता हो । सामान्य दुखाइदेखि प्यारालाइसिससम्मको रोगीको विना औषधी उपचार हुनु तथा रोगीले चाहेमा स्वयं 'डाक्टर' बन्न सक्नु पनि रेकीको विशेषता हो । हजारौं माइल टाढा बसेका रोगीहरूले घरमैं बसेर पनि उपचार लिन सक्ने भएकोले पनि यो उपचारमा खर्च र समयको बचावट हुन्छ ।

यो रेकी उपचार केन्द्र खोलेर बस्नेहरूमा राजधानीमा धेरै जसो गृहिणी नै पाइन्छन् । बेरोजगार गृहिणीहरूलाई रोजगार बनाउन यो पेसाले सहयोग गरेको छ । धेरै वर्षदेखिका पीडित विरामीहरूको रोग निको तुल्याउँदा राम्रो प्रतिक्रिया पनि पाइने

तथा उपचारक स्वयं स्वस्थ, ताजा र हृष्टपुष्ट रहने हुनाले गृहिणीहरू बढी आकर्षित भएको पाइन्छ ।

यो उपचार लिनेहरूमा सामान्य नागरिकदेखि केही त अस्पतालका डाक्टरहरू पनि छन् । विभिन्न रेकी क्लिनिकहरूमा विभिन्न तह र वर्गका मानिसहरूले उपचार लिएका छन् ।

रेकी होलिस्टिक हेल्थ स्टोर, असनले उपलब्ध गराएको एक पर्चामा मानवअधिकारवादी नेता पद्मरत्न तुलाधर, टिचिङ अस्पतालका डा. मोहनी थापा तथा डा. शरदमान ताम्राकार, प्राकृतिक चिकित्सक डा. टेकराज जोशी, होमियोप्याथिका डा. कमल चित्रकार आदिले पनि रेकी उपचारको प्रत्यक्ष अनुभव गरिसक्नु भएको छ ।

काठमाडौंका गल्लीपिच्छे खोलिएका विभिन्न मेडिकल क्लिनिकहरूलाई रेकीले चुनौती दिन सक्ने सम्भावना पनि बढेको छ । अहिले आएर सामान्य रुघाखोकीको उपचारमा समेत 'एन्टीबायोटिक' जस्तो कडा औषधी गर्नुपर्ने बाध्यता परेपछि सर्वसाधारणहरू पनि डाक्टरी औषधीलाईभन्दा प्राकृतिक उपायलाई नै बढी विश्वास गर्न थालेको महसुस हुन्छ ।

एक पटक रेकी उपचार लिएपछि र 'रेकी हिलर'हरूले भनेको नियम पूरा गरेपछि निको नभएकाहरू कमै छन् । रेकी उपचार लिने मानिसले भोजनमा विशेष ध्यान पुऱ्याउनु पर्ने भएकोले 'रेकी हिलर'हरूले दिएको सुझाव अनुसार भोजनमा सुधार नगरेका रोगीहरूको रोग निको नभएका उदारहणहरू पनि काठमाडौंका अधिकांश रेकी उपचार केन्द्रहरूमा पाइन्छन् ।

यो उपचार विधिको सुरुवात भएको धेरै भइनसकेकाले काठमाडौं बाहिर यो उपचार विधिको त्यति चर्चा पाईंदैन । यद्यपि पहिलेको तुलनामा अहिले रेकी उपचार पनि क्रमिकरूपमा बढ्दो छ । उत्तिकै ठूलो संख्यामा वयस्कदेखि बुढासम्म रेकी उपचार

केन्द्रहरूमा आउने विरामीलाई आनन्दको महसुस हुने गर्दछ त्यसैले पेट दुःखेको, टाउको दुःखेको वा अन्य दुःखाइलाई तत्काल कम गराउन पनि यो उपचार विधिले धेरै सहयोग पुऱ्याउने गरेको स्वयं उपचार लिएका अनुभवीहरूले सुनाउने गर्छन् ।

डा. योगी विकाशानन्दका अनुसार कुनै डराउने खालको रोगहरू भएमा त्यसको उपचारवाट उसमा पलाएको डरलाई हटाउन सकिन्छ ।

पिनासका रोगीहरू जो वर्षौंदेखि डाक्टरी औषधीमा धेरै पैसा खर्च गर्दै आएकाहरूले पनि उपचार लिएपछि आफूहरूलाई राहत मिलेको वताउँछन् । रेकी उपचार लिनेहरूको मस्तिष्क सधैँताजा रहने तथा अल्छी नलाग्ने हुन्छ भन्नुहुन्छ रेकी एसोसियसनका सचिव गोपाल प्रधान ।

रेकी उपचार केन्द्रहरूमा आफूलाई मानसिक तनाव हुने गरेका व्यक्तिहरू, एकान्तमा मात्र वस्न मन लाग्ने गरेको तथा खाली एकोहोरो भएर वस्ने गरेको सर्व साधारणहरू थुप्रै भेटिन्छन् । र रेकी उपचार लिन थालेकै दिनदेखि उपचारको प्रभाव देखिएको अनुभवहरू उपचार लिएका व्यक्तिहरू सुनाउँछन् ।

रेकी उपचार लिएपछि लागू पदार्थ, मद्यपान र धूम्रपानमा फँसेकाहरू पनि गलत वाटो छाडेर पुरानै अवस्थामा फर्कन सकेका कैयन् उदाहरणहरू छन् । यसरी कुलतमा फँसेका व्यक्तिहरूलाई सुमार्गमा ल्याउन सक्नुले पनि रेकी उपचारमा थप विश्वास पैदा भएको कुरा रेकी उपचार लिएका प्रकाश घिमिरेले वताए ।

रेकी उपचार लिनेहरूको स्वभावमा पनि तुरुन्तै परिवर्तन आउने गरेको छ । धेरै रिसाहा, चर्को वोल्ने, धेरै वोल्ने, वोल्दा आत्तिने स्वभाव भएका मानिसहरूमा पनि परिवर्तन आएको छ। त्यसो त कतिपय डाक्टरहरूले पनि रेकीको उपचार लिनुभएको

छ । साइन्स विषय पढेर डाक्टर वन्न पुगेकाहरूले पनि रेकीको उपचार लिनु भनेको रेकीप्रतिको अर्को विश्वसनियता हो ।

रेकी उपचारको बारे डा. योगी विकाशानन्द भन्नु हुन्छ– *'शक्ति संचार हुँदा विरामीको मस्तिष्कवाट सेरोटोनिन भन्ने न्युरो ट्रान्समिटर निस्कन्छ र यसको असरले दुखाइमा कमी हुनुका साथै शान्तिको अनुभव भई शरीरलाई समेत फाइदा पुऱ्याई रोगीको उपचार हुन्छ ।'*

'रेकी उपचार' कुनै जादु होइन

राजधानी: रेकी उपचारका फाइदा के-के हुन् ?

डा. योगी: प्रायजसो: रोगमा यो उपचार विधि लाभदायक छ । क्यान्सर, एड्सजस्ता डरलाग्दा रोगहरूलाई निको पार्न नसके पनि राहत दिन सकिन्छ । सामाजिक फाइदाको कुरा गर्ने हो भने रेकी लिएको मानिसले चुरोट, जाँडरक्सी सेवन गर्दैन र उनीहरूका घरमा झै-झगडा पनि कम हुन्छ ।

रा: किन रेकी उपचार आवश्यक छ ?

डा.: रेकी उपचारले सामाजिक पक्षलाई परिवर्तन गरेको छ, शैक्षिक पक्षमा पनि यो उपचारले सघाउँछ । रेकी लिएको मानिसले पढेको कुरा छिटो बुझ्छ । यो सस्तो उपचार भएकोले अधिक जनताको लागि पनि लाभदायक छ ।

रा: झट्ट सुन्दा त यो उपचार विधि जादु जस्तो लाग्छ नि ?

डा.: गाईले घाँस खाएपछि २४ घण्टामा त्यो दूध वन्छ, त्यसलाई जादु भन्ने कि नभन्ने ? यदि त्यो जादु हो भने रेकी उपचार पनि जादु हो, होइन भने यो पनि जादु होइन ।

रा: कस्ता-कस्ता रोग यसले छिट्टै निको पार्छ ?

डा.: शारीरिक तथा मानसिकरूपमा धेरै थकाइ लागेको, दुःखाइ, पेटसम्बन्धी रोग, दम, मृगौलाको पत्थरी, अनिद्रा, आदि रोगीलाई रेकी उपचारले छिट्टै नै निको तुल्याउँछ ।

रा: कोही रेकी उपचार लिएर निको नभएका पनि छन् ?

डा.: छन्, सबै रोगलाई निको पार्न सकिन्छ, तर सबै रोगीलाई निको पार्न सकिंदैन । रेकी लिएर निको नभएका पनि छन् तर तिनीहरू ५० प्रतिशत नियम पालना नगर्ने अन्तर्गत पर्छन् ।

रा: यो उपचार लिँदा बिरामीले कस्ता नियम पालना गर्नुपर्छ ?

डा.: खानपान, क्षमताअनुसारको व्यायाम, सकारात्मक सोचाइ, भरपुर आराम नै मुख्यतया विरामीले पालना गर्नुपर्ने हुन्छ ।

रा: रेकी उपचारको सुरुवात हुँदा र अहिलेमा के अन्तर छ ?

डा.: सुरुमा रेकी भनेको जापानिज परिपाटीमा आएको थियो । अहिले यो परिमार्जित हुँदै विभिन्न देशका डाक्टर, मनोवैज्ञानिक र अनुसन्धानकर्ताहरूले पनि रेकीको आ-आफ्नो ढंगले परिमार्जन गरेका छन् ।

गुरु डा. योगी विकाशानन्दज्यू आफूलाई मान्छे भन्न रुचाउनु हुन्छ । तर उहाँले मनोक्रान्तिको पाठ तरंगीत गर्नु भएको हुदाँ उहाँलाई म पूज्य मान्दछु । उहाँले जीवनलाई सात वटा पावर पोइन्टमा विभाजन गरी क्रान्तिलाई बुझ्न सजिलो पार्नु भएको छ ।

शंकर प्र. दाहाल, ओखलढुङ्गा

डा. योगी विकाशानन्दबाट सडक ध्यान कार्यक्रम

नेपालमा योगी हौं भन्ने र आफूलाई महान् ठान्ने योगी नर हरिनाथदेखि जगन्नाथसम्म अर्थात् राजारामदेखि गने भण्डारीसम्म निक्कै योगी, भोगी र ढोंगीहरू छन् । तर, जनस्तरमा भिजेका र भिज्ने क्रममा रहेका अनि शारीरिक, मानसिक, नैतिक र आध्यात्मिक तवरले समाजलाई नै परिवर्तन ल्याई स्वस्थ, चरित्रवान् समाजको निर्माण गर्ने क्रममा देशभर चर्चित युवा व्यक्तित्व डा. योगी विकाशानन्द अहिले असल र स्वस्थ समाजको निर्माणमा लाग्नु भएको छ ।

नेपालमा रेकी उपचार पद्धतिका संस्थापक डा. योगी विकाशानन्द प्रत्येक शुक्रवार ९:३० देखि ११ वजेसम्म क्लासिक एफ. एम. १०० मेगा हर्जमा *जीवन-दर्शन* प्रवचन लिएर आउनुहुन्छ। युवा दार्शनिक डा. योगी हरेक आइतवार रेकी वा *साइको-साइवरनेटिक्स* वा *सुपरलर्निङ्ग*को सेमिनार, शनिवार विभिन्न क्षेत्रहरूमा *सडक-ध्यान* तथा प्रवचन, मंगलवार स्वास्थ्य सल्लाह लगायत दुइ महिने *योग शिक्षक तालिम* आदि विभिन्न कार्यक्रम सञ्चालन गर्नु हुन्छ ।

यहाँको रेकी उपचार र प्रशिक्षण, *सडक-ध्यान* तथा दर्शनका अभिव्यक्ति र प्रशिक्षणवाट हजारौं नेपालीहरूले पनि

उहाँसंग प्रशिक्षण लिने र उहाँबाट फाइदा लिने गर्दछन् । दुइ दर्जनभन्दा बढी महत्वपूर्ण दर्शन, साहित्य र स्वास्थ्य सम्बन्धी पुस्तकका सर्जक डा. योगी विकाशानन्दले गत सोमवार *पशुपति सेना नेपाल*को केन्द्रीय कार्यालय काठमाडौं-३२ घट्टेकूलोमा *'सपोर्ट सर्कल'* को तत्वावधानमा सडक-ध्यान तथा योग सम्बन्धी सयौं व्यक्तिलाई प्रशिक्षण दिनुभयो । श्वासप्रश्वास आरोह-अवरोह तथा आसनबाट पुग्ने फाइदा तत्काल योग-ध्यान सिकाउँदा सिकाउँदै धेरैले महसुस गरे । उहाँले ध्यान सिकाएको बखत एकचित्त भएर ध्यानमा बस्ने मान्छेले आफूले आफूलाई बिर्सिएको अनुभूति पाएको उपस्थित धेरैले बताए ।

म डा. योगी विकाशानन्दज्यूलाई नेपालको एक मात्र दार्शनिक, वर्तमानको मानव मूल्य-मान्यता र अस्तित्वका महान व्याखाता ठान्दछु ।

गजेन्द्र नेम्बाङ्

युवा योगी विकाशानन्दको मनोक्रान्ति अभियान

युवा दार्शनिक डा. योगी विकाशानन्द अब मंसीर ४ गतेदेखि हरेक आइतवार साँझ ९ वजेदेखि १० वजेसम्म K.A.T.H. FM मा आउने भएका छन् (हाल उहाँ शुक्रवार ९:३०-११:०० सम्म Classic एफ. एम.१०० मे. ह. मा आउनुहुन्छ ।) सो कार्यक्रममा योगीले जीवन-विज्ञान विषयमा प्रवचन दिनेछन् र स्रोताका प्रश्नको उत्तर पनि दिनेछन् । अड्तीस वर्षीय तन्नेरी योगी विकाशानन्द नेपालका प्रथम रेकी मास्टर मानिन्छन् । उनले अहिले मनोक्रान्तिको अभियान चलाइरहेका छन् । उनले २,५०० जना रेकी हिलरहरू तयार पारिसकेका छन् । योगीले *सुपरलर्निङ्ग* (परम शिक्षण) र *साइको-साइवर्नेटिक्स* (सिद्धी-साधना)का कक्षा पनि चलाइरहेका छन् । *सुपरलर्निङ्ग* छिटो सिक्न सकिने सिकाइ पद्धति हो भने सिद्धी-साधनाबाट दायाँ मस्तिष्कको संचालन गर्ने उपाय जानिने छ । योगीका अनुसार दायाँ मस्तिष्क चलाउन सक्ने व्यक्तिले धेरै गुना सफलता प्राप्त गर्न सक्छ । अमेरिकी राष्ट्रपति विल क्लिन्टनले दायाँ मस्तिष्कको उपयोग गरी २ चोटी राष्ट्रपति बन्न सफल भएका थिए । समान्य व्यक्तिले आफ्नो मस्तिष्कबाट ३ प्रतिशत मात्र काम लिने गर्दछ । जीवनको हरेक असम्भवलाई सम्भव बनाउन सिकाउने यो विधि नेपालमा एकहजार भन्दा वढी मानिसले डा. योगीबाट सिकिसकेका छन् । डा. योगीसँग अहिले पत्रकारहरू रेकी, सुपरलर्निङ्ग तथा *साइको-साइवर्नेटिक्स* पद्धति बारे बुझ्न र प्रशिक्षण लिन जुटिरहेका छन् । जीवन र जगतलाई हेर्ने दृष्टिकोणमा परिवर्तन गरी आफ्ले मनोक्रान्तिको सुरुवात गर्नुपर्ने दृष्टिकोण उहाँको छ । योगीले *आनन्द योग केन्द्र*को स्थापना गरी आफ्ना शिष्यहरू मार्फत रेकी उपचार पनि गरिरहनुभएको छ ।

अन्तर्ज्ञानको विकासबाट स्वस्थ रहने पद्धति 'रेकी'

नेपालमा एउटा यस्तो चिकित्सापद्धतिको विस्तार हुँदैछ जसले मानिसमा अन्तर्ज्ञानको उपयोगमा सुगमता, स्पष्टता र चमत्कारिता ल्याउन मद्दत गर्दछ। सम्बन्धित अभियानकर्ताहरूका अनुसार 'रेकी' सुसंगत (दीक्षा) र यसको उपचार पद्धति नै त्यो पद्धति हो जसले विचार, बुद्धि, तर्क र गणितको कार्य गर्ने बायाँ मस्तिष्कलाई मात्र होइन, अन्तर्बोध र अनुभवको कार्य गर्ने दायाँ मस्तिष्कलाई पनि पूर्ण उपयोगमा ल्याइदिन्छ।

विज्ञानको नियमअनुसार प्रायः आधुनिक मानिसको बायाँ मस्तिष्कले मात्रै भूमिका खेल्छ र त हामी आफूलाई तुच्छ थान्छौं तर रेकीदीक्षाबाट दाँया मस्तिष्कको उपयोग भई घरमैं बसेर विरामीलाई पनि शक्ति पास गराएर उपचार गराउन सकिने हुन्छ।

नेपालको स्वास्थ्यक्षेत्रमा सर्वप्रथम 'रेकी' उपचार भित्र्याउने डा. योगी विकाशानन्दका अनुसार *रेकी हिलर्स एसोसिएसन नेपाल* नामक संस्थामार्फत् हालसम्म २ हजार ५सयभन्दा वढी व्यक्तिहरूले यो दीक्षा लिएर कार्य सञ्चालन गरेका छन्। यसलाई मनोक्रान्तिको अभियान को एक अंग पनि भनिएको छ। डा. योगी विकाशानन्दले आफ्नो क्लिनिकमा मंगलवार केही राष्ट्रिय सञ्चारमाध्यमहरूका पत्रकारहरूलाई पनि 'रेकी' को परीक्षण उपचार गराए। त्यसपछि

उनले भने मानसिक आनन्द, शक्तिको अनुभव र तापक्रम चढ्नुको साथै सबै अंगहरूमा झम्झमाहटको अनुभूति भए पछि सामान्य निरोगी मान्छे अझ स्वस्थ बन्दछ भने रोगीमान्छे निरोगी हुन्छ। त्यसका अतिरिक्त सबै प्रकारका औषधी सेवन र उपचार पद्धति लिइसकेको विरामीहरूका लागि पनि यो उपचारले स्वस्थ पार्न सक्छ । प्रारम्भमा विकाशानन्दकै उपचार दीक्षा लिएर हाल एसोसियशनकै संस्थापक अध्यक्ष बनेका कर्णबहादुर श्रेष्ठ भन्नु हुन्छ– *मेरो पूर्ण अस्वस्थ पेटलाई स्वस्थ बनाउन र शारीरिक बल, तेज र तौल बढाउनमा 'रेकी' ले महत्वपूर्ण भूमिका खेल्यो ।*

त्यस्तै वरिष्ठ वामपन्थी तथा मानवाधिकारवादी नेता पद्मरत्न तुलाधरको मुटु दुख्ने पुरानो व्यथा र काठमाडौं महानगरपालिकाका उपप्रमुख विदुरप्रसाद मैनालीकी छोरी पूजा मैनालीको कठोर रोग पनि यही पद्धतिबाट निको भएको अभियानसम्बन्धी कार्यक्रमहरूमा तुलाधर र मैनालीले यसअघि नै बताउँदै आउनुभएको थियो । रेकीका पुनर्स्थापक डा. मिकाओ उसुई, प्रथम उत्तराधिकारी चुजिरो

सपोर्ट सर्कलले मनोक्रान्ति अभियानलाई अगाडि लैजाने क्रममा यस विद्यालयको निमन्त्रणालाई स्वीकार गर्दै शिक्षक, विद्यार्थी तथा कर्मचारीहरूलाई मनोक्रान्तिबारेमा जानकारी दिएर लाभान्वित एवं सकारात्मक प्रभाव पारिदिनुभएकोमा यस विद्यालय परिवार आभार व्यक्त गर्दछ ।

प्रिन्सिपल, चन्द्रप्रकाश राजभन्डारी, अन्नपूर्ण उच्च मा. वि.
ज्याठा, कान्तिपथ,

हयासी, श्रीमती हवायो टकाताजस्ता विश्वविख्यात चिकित्सकहरूको प्रेरणाले नेपालमा पनि रेकी क्लिनिक खोलिनु र रोगीहरूको सहभागिता बढ्न थाल्नुले भारतीय योग, साधना र चिकित्साका नाममा नेपाली रकम कमाउनेहरूलाई पनि चुनौती दिदै आएको डा. योगी विकाशानन्दले बताए । यस रेकी पद्दतिमा मेडिकल डक्टरहरू डा. राजन शर्मा, डा. मोहिनी क्षेत्रीलगायतले पनि प्रशिक्षण लिएको र त्यसको उपयोग गरेको एसोसिएसनले जनाएको छ। कुनै वेला *पौभाः* (नेवारी पत्रिका)-को सम्पादकसमेत रहेका विकाशानन्दले भोजन, व्यायाम, धर्म, सपना, थेरापी, स्मरणशक्ति, मनोवल र व्यक्तित्व सफलतासम्वन्धी प्रवचन-प्रशिक्षणदिनु हुन्छ। उनले भारतको सम्पूर्णनन्द संस्कृत विश्वविद्यालयवाट तुलनात्मक दर्शनमा डिप्लोमा तहको अध्ययन गरेका छन् । स्वदेश फर्किएपछि उनले प्रत्येक शनिवार त्यससम्वन्धी प्रवचनसमेत दिने गरेका छन्। उनका अनुसार जीवन र जगतलाई हेर्ने दृष्टिकोणको आमूल परिवर्तन नै मनोक्रान्ति हो ।

—— ❀ ——

डा. योगी विकाशानन्दको प्रत्येक कार्यक्रम आजको समय सापेक्ष छ। उहाँका कार्यक्रमहरूमा नियमितरूपमा सहभागी हुँदै गएमा आजको यो अशान्त संसारमा शान्ति र दुखी जीवनमा यथार्थ सुखको अनुभव लिन पाउने कुरामा दुइमत देखिंदैन ।

शुभकामना आवासीय माध्यामिक विद्यालय, भोल ढोका, ललितपुर ५४०९०२

'मेमोरी ट्रेनिङ' पछि प्रधानसेनापति राणाको स्मरण-शक्तिमा वृद्धि

शाही नेपाली सेनाका प्रधानसेनापति प्रज्ज्वल्लशमशेर राणा र उहाँकी सुपुत्री प्रज्ञा राणाले तीन वर्ष अगाडि मेमोरेक्स इन्स्टिच्युटमा स्मरणशक्तिसम्वन्धी तालिम लिएपछि दुवैले आ-आफ्नो लक्ष्य हासिल गरे। प्रज्ञा राणाले भारतको पुनामा एम. वी. एस. पढ्नका लागि छात्रवृत्ति पाइन् भने प्रज्ज्वल्लशमशेर राणा शाही नेपाली सेनाको सम्मानित पद प्रधानसेनापतिमा आसिन हुन पुग्नुभयो।

प्रधानसेनापति राणाकी श्रीमती सिन्धु राणा भन्नु हुन्छ *बुवा र छोरीले सँगसँगै मेमोरीसम्बन्धी तालिमबाट निकै सफलता पाएको अनुभव सुनाउनुभएको छ। समस्या आइपरेको समयमा प्रशिक्षकले एउटा क्यासेट र सूत्रहरू उपलब्ध गराएका छन्, चाहिएको बेला उहाँहरूले त्यही सामग्रीको सहायताबाट समस्या समाधान गर्नुहुन्छ।* मनोवैज्ञानिक सिद्धान्त *'न्युरोलिङगुइस्टिक प्रोग्रामिङ* अन्तर्गत जोसुकैले पनि नियमित अभ्यास गर्दै गयो भने स्मरणशक्ति तीक्ष्ण वनाउन सकिने मनोविश्लेषकहरूले वताएका छन्। आफूलाई सम्झनुपर्ने आवश्यक कुराहरूलाई कुनै अस्वाभाविक वस्तुको चित्रसँग समायोजन गरी मानसपटलमा चित्रित गरेर

जम्मा गर्दै गयो भने लाखौं तथ्याङ्कलाई मानव मस्तिष्कमा भण्डार गर्न सकिने मनोविश्लेषकहरूको दावी छ ।

स्मरणशक्तिसम्वन्धी विविध पक्षको उत्पत्ति प्राचीन ग्रिक-रोमन सभ्यतावाट भएको पाइन्छ । सन् १९७० को दशकमा अमेरिकाको क्यालिफोर्निया विश्वविद्यालयका मनोविज्ञान एवं कम्प्युटर विज्ञानका विद्यार्थी रिचार्ड ब्यान्डलर र भाषाविज्ञानका सहायक प्राध्यापक जोन ग्रिन्डरको गहिरो अध्ययनवाट *'न्युरोलिङ्गुइस्टिक प्रोग्रामिङ'* नामक सिद्धान्तको प्रतिपादन भयो । जसअनुसार विश्वभरिका सफलताको शिखरमा पुगेका अधिकांश व्यक्तिहरूले यसप्रकारको तालिम लिएको पाइन्छ । अमेरिकाका पूर्व राष्ट्रपति विल क्लिन्टनले पनि विश्व प्रसिद्ध वक्ता एन्टोनी रविन्सलाई गुरु मानी मेमोरी पावर सम्वन्धी विविध तालिम लिएका थिए ।

विश्वप्रसिद्ध मेमोरी ट्रेनर हेरिलोरेनले दुइ करोड मान्छेको नाम कण्ठस्थ पारेर विश्वलाई नै चकित पारेका छन् । उनको यस क्षमताले अत्याधुनिक प्रविधि कम्प्युटर, क्यालकुलेटर आदि सामाग्री प्रयोग गर्नेहरूलाई चुनौती दिएको छ । यस्तै विधिअनुसार अमेरिकाकै स्टेफन हवार्डले एक मिनेटमा ४० हजार शब्द पढेर सवैलाई आश्चर्यमा मात्र पारेनन्, उनले आफ्नो नाम गिनिज वुकमा लेखाएरै छाडे ।

यो कुनै एक व्यक्तिको अलौकिक शक्ति मात्र नभएर *'न्युरोलिङ्गयुस्टिक प्रोग्रामिङ'* अनुसार दिमागलाई खेलाउन सक्ने जोसुकै व्यक्तिले पनि नियमितरूपमा अभ्यास गर्दै गयो भने लाखौं

मानिसको नाम, ठेगाना, फोन नम्वर दिमागमा भण्डारण गर्नसक्छ। यस विधिअनुरूप हरेक व्यक्तिले आफूले सदैव स्मरण गर्न चाहेको वस्तुलाई कुनै अलौकिक घटना वा चित्रसँग तुलना गरी समायोजन गरेर मस्तिष्कमा पठाउँछन् । कुनै अनौठो घटना चित्रित गऱ्यो भने दिमागमा सदैव ताजा रहने हुँदा आफूले चाहेको वस्तु सम्झन उक्त अनौठो घटनालाई सोच्नुपर्ने हुन्छ । यसरी तुलना गरेर मस्तिष्कमा भण्डार गरिएको कुनै पनि व्यक्तिको नाम, अनुहार, किताबी पाना, आदि कण्ठस्थ पार्न सकिन्छ ।

त्यस्तै फोन नम्वरहरू पनि विविध तरिकावाट याद गर्न सकिन्छ । यसका निमित्त सर्वप्रथम अङ्कलाई अक्षरमा र अक्षरलाई शव्दमा परिणत गर्न सक्नुपर्छ ।

नेपालमा पनि स्मरणशक्ति वढाउने, सञ्चार आदानप्रदान गर्ने क्षमता वढाउने, दिमागलाई सन्तुलनमा राख्नका लागि विभिन्न ठाउँमा तालिम केन्द्र खोलिएका छन् । प्रायः चार दिनदेखि तीन सातासम्मको तालिम दिलाउने काम गरिन्छ । सरदर दुइ हजार देखि २० हजारसम्मको तालिम शुल्क लाग्ने यी तालिमकेन्द्रहरूमा प्रायः हुनेखाने मानिसहरूका लागि मात्र तालिम लिने क्षेत्रजस्तै भएको छ तथापि यी क्षेत्रमा आएर तालिम लिइसकेपछि लोकसेवा आयोगको परीक्षादेखि लिएर एमवीवीएसको प्रवेश परीक्षामा उत्कृष्ट अङ्क ल्याएर उत्तीर्ण गरेका रेकर्डहरू थुप्रै रहेका छन् ।

आनन्द योग सेन्टरका डा. योगी विकाशानन्द स्मरणशक्ति वढाउने तालिमले विद्यार्थीहरूदेखि विभिन्न पेसामा संलग्न

व्यक्तिहरूलाई निकै उपयोगी हुने वताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, *नियमितरूपमा अभ्यास गर्दै गयो भने, र अभ्यासकर्ताको आहारमा समेत शुद्धता भयो भने हरेक व्यक्तिले लाखौंको तथ्याङ्क वा व्यक्तिका नाम याद गर्न सक्छ ।* त्यस्तै भावातित ध्यानकेन्द्रका ध्यान प्रशिक्षक माधवप्रसाद अर्याल *'न्युरोलिङ्गुइस्टिक प्रोग्रामिङ'* द्वारा वुद्धू भनी हेपिएका विद्यार्थीहरूलाई तीक्ष्ण वुद्धि न भएको व्यक्ति र व्यस्त व्यक्तिको भुलक्कड वानी पनि हटेर जाने वताउनुहुन्छ ।

नोटः डा. योगी विकाशानन्दद्वारा संन्चालित साइको-साइवरनेटिक्स न्यूरो लिङ्गुइस्टिक प्रोग्रामिङ्गको अर्को भर्सन हो ।

मेरो विचारमा डा. विकाशानन्दज्यूको मनोक्रान्तिबाट हामी सबैले हातेमालो गर्दै अगाडि बढ्यौं भने निश्चय नै आजको युगले आमूल परिवर्तनको अवसर पाउने छ ।

पास्कल इन्टरनेशनल एकेडेमी, बालाजु, चक्रपथ- ३६०२८१

यस्तो छ विकाशानन्दको मनोक्रान्ति

'अवको क्रान्ति ब्रेनगनबाट चल्छ, मेसिनगनबाट होइन' भन्ने मूल सन्देशका साथ मनोक्रान्तिका संवाहक डा. योगी विकाशानन्दले प्रत्येक हप्ता शनिवार धरहरा पार्टीप्लेसमा प्रत्यक्ष प्रवचन तथा ध्यानसभा सुरु गर्नुभएको छ।

'ब्रेनगन कसरी चल्छ र मनोक्रान्ति भनेको के हो ? भन्नेबारे विस्तृत जानकारी प्रत्यक्ष प्रवचन श्रवण र प्रश्नोत्तरबाट ज्ञात होला । तर, गत शनिवार विहान ८ बजे *जीवन विज्ञान समूहद्वारा* आयोजित प्रत्यक्ष प्रवचनसभामा डा. योगी विकाशानन्दबाट एउटा पुस्तकको विमोचन भएको थियो; पुस्तकको नाउँ हो- *'मनोक्रान्ति के हो ?'*

पुस्तकमा भनिएको छ- 'हामी महान् छैनौं, यो समस्या होइन, समस्या यो हो कि महान् हुने चाहना हामीमा छैन। संसारका सबै मानिस बुद्ध हुन सक्छन्, तर प्रयास हुन सकिरहेको छैन। मान्छेभित्र अथाह क्षमता रहेको हुन्छ तर सबै मान्छेहरू त्यो अथाह क्षमतालाई प्रयोग गर्ने प्रयास गर्दैनन्। जब एउटा बलवान् मान्छेले आफ्नो बल, बुद्धिमान् मान्छेले आफ्नो बुद्धि अनि सीपवान् मान्छेले आफ्नो सीपलाई प्रयोग गर्ने प्रयास नगरी जाँड-रक्सी, चुरोट तथा लागूपदार्थमा जीवन डढाइरहन्छ भने त्यो मान्छेको क्षमताले कहिले कसरी खुल्न पाउने ? भन्ने प्रश्न गर्दै योगी

विकाशानन्द भन्नुहुन्छ– मान्छे महान् बन्न अन्त भौतारिनु पर्दैन, आफ्नै टाउकोका नसा-नसा खोले हुन्छ ।

मान्छेले हाल सामान्यतया ३ प्रतिशत दिमाग मात्र प्रयोग गरिरहेका छन्, भन्नुहुँदै ९७ प्रतिशत मस्तिष्कको द्वार पनि खुल्नसक्ने वैज्ञानिक प्रयोगबाट प्रमाणित भइसकेको छ- उहाँले भन्नुभयो । उहाँका अनुसार, हरेक मान्छे सुतिरहेका बुद्ध हुन् । यहींबाट सुरु हुन्छ मनोक्रान्तिको द्वार । यदि करोडपति पनि सुतिदिएको खण्डमा उसको सम्पत्तिले केही काम गर्दैन । जस्तोसुकै बलियो मान्छे पनि जागृत नभइदिएको खण्डमा उसलाई सानोभन्दा सानो बालकले पनि तर्साउँछ ।

मनोक्रान्तिको पहिलो सर्त हो- जाग्नु, उठ्नु वा बिउँझनु। प्रत्येक मान्छेमा 'न्यूरोलिङ्गुइस्टिक प्रोग्रामिङको क्षमता हुन्छ, यसको प्रयोगबाटै अमेरिकी राष्ट्रपति बिल क्लिन्टन, हलिउडका नम्बर एक कलाकार आर्नोल्डदेखि नेपालका प्रधानसेनापति प्रज्वल्लशमशेर राणा सर्वोच्च पदमा पुगेको दावी पुस्तकको छ।

जिन्दगीलाई त्रिपिटक, वेद, बाइबल, कुरान आदि धर्मशास्त्रमा होइन आफ्नै मनभित्र खोजौं, ईश्वर र लक्ष्य त्यहीं प्राप्त हुन्छ। यो एक्काइसौं शताब्दीमा कुनै पनि मान्छे वा राष्ट्र तटस्थ बस्न सक्दैन । हामीले युद्ध र बुद्धमध्ये एकलाई रोज्नुपर्दछ ।

मनोक्रान्तिका संवाहक डा. योगी विकाशानन्दको कथन छ– 'बुद्ध' भन्नाले कुनै एक व्यक्तिलाई भन्न खोजिएको होइन। बुद्ध एउटा जागृति हो । 'धर्म' भन्नाले आफूले आफैंलाई बुझ्ने र

अरूको मर्म वुझी कर्म गर्ने खालको हुनुपर्दछ। यहाँ धर्मको नाउँमा आफू पनि वर्वाद हुने र अरूलाई पनि वर्बाद पार्ने काम भइरहेको छ, यो हुनु हुँदैन। अन्धभक्त हनुमान् मार्काको कारण यस्तो स्थिति देखापर्दछ।

हामीले देखिरहेका छौं, मुख रसाउने पानीको थोपो जहाँ चुहिँदैन, मान्छे वचाउने औषधी जहाँ पाइँदैन, त्यहाँ सिसीका सिसी बियर, रक्सीको वोतल पुगिरहेका हुन्छन्। शिक्षा, स्वास्थ्य र सेवामा बजेट कटौती गरी हत्या-हिंसा र युद्धमा विश्वले ठूलो लगानी गरिरहेको छ। मानिसको चाहना सुख र आनन्द लिनु हो। यसको खोजीमा हामी अनेकौं थरीका मादक पदार्थ सेवन गर्छौं तर त्यो ठीक होइन। मानिसलाई आनन्द दिने तत्व 'डोपामाइन, एन्डरफिन वा सेरोटोनिन' भन्ने पदार्थ हुन् जसलाई मादक पदार्थले जवरजस्ती क्रियाशील गराइदिन्छ तर त्यसवाट प्राप्त हुने आनन्द प्रेमवाट होइन, वलात्कारवाट प्राप्त आनन्दजस्तै हो। लागूपदार्थवाट क्षणिक आनन्द त हुन्छ तर दीर्घकालका लागि पीडा र रोगवाहेक केही निम्त्याउँदैन– *मनोक्रान्ति के हो ?* पुस्तकमा भनिएको छ। भोजनमा नायासिनको कमी भयो भने मानिस मादक पदार्थको दुर्व्यसनमा फस्छ, स-साना कुरामा डराएर वस्ने गर्दछ। सही खाना, सही व्यायाम, साधना र सत्संगको माध्यमवाट हामीमा सकारात्मक मार्ग देखापर्दछ।

हामी महान् वन्नु छ भने मनोक्रान्तिको थालनी गरौं। मनोक्रान्ति भन्नाले जीवनका अनेक वन्धन, नशालु पदार्थ सेवन,

पद-प्रतिष्ठा, जातजाति, नरनारी मात्र होइन राष्ट्रको वन्धनसमेत छोड्दै-छोड्दै विशुद्ध मान्छे वन्नु हो ।

युवायुवतीहरूको व्यापक सहभागितामा आयोजित मनोक्रान्ति सभालाई सम्वोधन गर्दै डा. योगी विकाशानन्द भन्नुहुन्छ- संसारलाई वदल्नु छ भने सर्वप्रथम आफूलाई उदाहरणीय वनाऔं। आफू जँड्याहा, घुस्याहा, हत्यारा, भ्रष्ट चरित्र धारण गरी वालवच्चा र समाजलाई अर्ती दिनु परस्परविरोधी कार्य हुन् ।

योगी विकाशानन्द भन्नुहुन्छ– राज्य चलाउने राजनेता पनि मनोक्रान्ति वाहक हुनु पर्दछ, परजीवी मानसिककतावाट ग्रस्त रोगी-पापीहरूलाई सत्तामा पुऱ्याएको परिणामस्वरूप विश्व आज आतंकवादले ग्रस्त हुन पुगेको हो ।

अन्तरनिहित क्षमतालाई वढाएर हीनतावोध, भय र मानसिक तनाववाट छुटकारा पाउन पुस्तकले रेकी, सिद्धि साधना, परम शिक्षण र योग गर्नुपर्ने मार्ग देखाएको छ ।



गुरु डा. योगी विकाशानन्दज्यूको सत्संग पाएदेखि ममा आकाश-जमीनको परिवर्तन आएको महसुस गर्दै छु। आफ्नो कमाइको १० प्रतिशत संसार बदल्न छुट्याइ रहेकी छु। एउटा क्रान्ति घटिरहेको छ ममा पनि– स्वस्थ, खुशी, साहसी र आत्मविश्वासले ओतप्रोत भएकी छु ।

पूजा शीतल, डल्लु, काठमाडौं

मनोक्रान्तिमुखी राजनीति

डा. योगी विकाशानन्द

लोकप्रिय राजा भोजको कुरा हो । एक जना किसानले आफ्नो खेत खन्दा एउटा सुनको सुन्दर सिंहासन भेट्टाएछ, जसको चारैतिर वत्तीस वटा सुनका पुतली पनि जडिएका थिए ।

साइत मिलाएर राजा भोज त्यस सिंहासनमा चढ्न मात्र के खोजेका थिए ती वत्तीस पुतली मध्ये एक हाँसेर भनेछ– पख्नुस्, नहत्तारिनुस् महाराज ! यो सिंहासन पराक्रमी राजा विक्रमादित्यको हो । त्यसैले यसमा चढ्नअघि एउटा कथा सुन्नुस्–

विक्रमादित्यको राज्यमा एउटा सुरम्य तलाउ थियो, जसको वीचमा स्फटिकको एक अचम्मको खम्वा थियो । उक्त खम्वा सूर्योदयको साथसाथै आकाशमाथी चढ्दै जान्थ्यो भने सूर्यास्त संगसंगै तलाउमा डुब्ने गर्थ्यो । राज्यमा कसैले पनि उक्त खम्वामाथी चढ्ने साहस गर्न सकिरहेको थिएन । एकदिन विक्रमादित्यले त्यसमा चढेर हेर्ने दुस्साहस गरेछन् । उक्त खम्वा सूर्य नजीक पुग्दा त्यसमाथी चढेका राजा डढेर मरेछन्, तर सूर्यदेवले पानी छर्केर ब्युँताइ दिएछन् र विक्रमादित्यको अदम्य साहसवाट प्रभावित भई आफ्नै कुण्डल उपहार दिएर पठाएछ । राजा दरवार फर्की रहेको वेला एक जना मान्छेले उक्त कुण्डल मागेछ । विक्रामादित्यले प्रश्नै नगरी कुण्डल दान दिएछ ।

पुतलीले राजा भोजलाई संवोधन गरी भन्छ– हे राजन्,

यस्तै अदम्य साहस र दानशीलता भएमा मात्र यो सिंहासनमा चढ्न पाइन्छ ।

राजनीतिमा लाग्ने मान्छेका दुइ पूर्वाधार हुन्– अदम्य साहस र अर्को दानशीलता । यी दुइ गुण नभएकाहरूले या त र ाजनीतिबाट संन्यास लिनु पर्ने हुन्छ, या त यी दुवै गुण जनतालाई देखाउन सक्नु पर्नेहुन्छ ।

राजनीतिको उद्देश्य

१) सधैं स्वस्थ, २) हँसिलो-खुसिलो, ३) सिर्जनशील, ४) मानवतावादी ५) सत्य-निष्ठ हुनु नै मानव जीवनको वास्तविक उद्देश्य देखिन्छ। यी ५ वटा सार्वजनिक, सार्वभौमिक र सार्वकालिक शास्वत आवश्यकता पूर्ति गर्ने वातावरणको निर्माणमा तल्लीन रहनु नै राजनीतिको धर्म एवं मर्म देखिन्छ ।

राजनेताको योग्यता

यी पाँच शास्वत कुरा नागरिक समाजलाई उपलब्ध गराउने व्यक्तित्व नै राजनेता हुन् । तसर्थ राजनेता हुनेहरूमा उपरोक्त शास्वत गुणको विकास हुनुपर्ने कुरामा अब शंका गर्ने वेला छैन । किनभने जुन गुण अगुवाहरूमा छैनन्, तिनीहरूले नागरिक समाजलाई पनि दिने कुरा आउँदैन, तसर्थ राजनीतिमा लाग्ने मान्छेहरू स्वस्थ, हँसिलो-खुसिलो, सिर्जनशील, मानवमात्रलाई प्रेम गर्ने र सत्यनिष्ठ व्यक्तित्व पनि हुनै पर्ने देखिन्छ ।

यथा राजा, तथा प्रजा याने जस्ता नेता त्यस्तै जनता, त्यसैले जनताले आफ्नो भविष्य जस्तो किसिमको हेर्न

चाहन्छ त्यस्तै किसिमको गुण भएको मान्छेलाई नेता रोज्नु पर्ने देखियो । अर्थात् जनता स्वस्थ रहने हो भने स्वस्थ, तनाव-चिन्तावाट मुक्त रहनु छ भने चिन्ता रहित नेता छान्नु पर्‍यो ।

नागरिक समाजको दायित्व

उपर्युक्त पाँचवटा शास्वत कुरा भएका मान्छेलाई मात्र जन-प्रतिनिधी वनाउनु पर्ने दायित्व जनतामा आएको छ । या त पुराना नेताहरूले यी पाँच गुणहरू विकास गरेको हुनु पर्‍यो, या त उपर्युक्त पाँचवटा गुण भएकाहरूलाई राजनीतिमा ल्याउने वातावरण जनताले बनाउनु पर्‍यो ।

जनताले ठोकेर भन्न सक्नु पर्‍यो–

क) यस पालीको चुनावमा चुरोट-रक्सीका दुर्व्यसनी उम्मेदवारलाई भोट दिन्नौं, दिन्नौं !

ख) रोगग्रस्त, तनावग्रस्त एवं रिसाहा उम्मेदवारलाई भोट दिन्नौं, दिन्नौं !

ग) नाच्ने-हाँस्नेजस्ता मानवीय स्वभाव नभएका उम्मेदवार लाई भोट दिन्नौं, दिन्नौं !

घ) कुनै पनि सीप, कला एवं सिर्जनसील नभएको उम्मेदवारलाई भोट दिन्नौं, दिन्नौं !

ङ) नियमित ध्यान र व्यायाम नगर्ने उम्मेदवारलाई भोट दिन्नौं, दिन्नौं !

च) आफूले कमाएको संपूर्ण संपत्तिबाट १०-५० प्रतिशत जनताको सेवाको लागि छुट्याउने अठोट नगर्ने उम्मेदवारलाई भोट दिन्नौं, दिन्नौं !

छ) संपत्ति, शिक्षा, पद-प्रतिष्ठा आदिभन्दा परम्सत्य

जीवनको लक्ष्य नठान्ने उम्मेदवारलाई भोट दिन्नौं, दिन्नौं !

ज) राष्ट्रभित्रका सबै भाषा, धर्म, संस्कृतिलाई आफ्नै ठानी उदाहरण बनी काम नगर्ने उम्मेदवारलाई भोट दिन्नौं, दिन्नौं !

झ) घरका नारीलाई यातना, दमन र शोषण गर्नेजस्ता प्रवृत्ति भएका उम्मेदवारलाई भोट दिन्नौं, दिन्नौं ।

ञ) छोरालाई मात्र अंशदिई छोरीलाई अंश नदिने उमेदवार लाई भोट दिन्नौं, दिन्नौं ।

पाँच शास्वतकुरा जनतामा ल्याउन...

स्वास्थ्य: वातावरण वचाउ अभियान तथा जन स्वास्थ्य चेतना जागृति अभियान ।

यसकोलागि:

क) वृक्षारोपण र यस्ता कार्यलाई प्रोत्साहन ।

ख) स्वच्छ पानीको व्यवस्था ।

ग) कीट नाशक औषधीरहित खाद्यन्नको उत्पादन ।

घ) राष्ट्रव्यापी सरसफाइ अभियान ।

ङ) रेकी एवं होलिष्टिक मेडिसिन्सको राष्ट्रव्यापी प्रचार-प्रसार ।

खुसी: क) खेल, कला, संस्कृति तथा योग-प्राणायाम-ध्यान अभियान ।

ख) विभिन्न क्षेत्रमा खेलमैदान, पार्क एवं सामुदायिक भवन निर्माण ।

ग) मातृ भाषामा शिक्षाको व्यवस्था/सरकारी संघ-संस्थामा स्थानीय भाषाको मान्यता ।

सिर्जनशीलता: क) माइण्ड टेक्नोलोजी- सुपर लर्निङ्ग, साइको-साइवरनेटिक्स, सुपरमेमोरी, Lateral thinking आदिको अभियान ।

ख) यसकालागि देशी-विदेशी विशेषज्ञहरूलाई आमन्त्रण एवं राष्ट्रव्यापी कार्यशाला गोष्ठी ।

मानवता: क) सर्वधर्म, सर्वसंस्कृति, सर्वभाषा र सर्व जात-जाति समभाव अभियान ।

ख) नारी एवं पिछडिएका वर्गको हक-हितको कानूनी व्यवस्थाको लागि अभियान ।

ग) अन्तर्राष्ट्रियतावाद आदिको लागि क्रियाशीलता ।

सत्यनिष्ठा: योग, भक्ति, मुक्ति, प्रज्ञा, परम सत्य, समाधि, साधना आदिजस्ता सार्वजनिक, सार्वभौमिक र सार्वकालिक दर्शनलाई जगेर्ना एवं प्रोत्साहनको वातावरण निर्माण ।

यसकालागि: प्रज्ञा-पुरुष, महापुरुष एवं उच्चकोटीका संत एवं दार्शनिक, मनोवैज्ञानिकहरूलाई सबैखाले संचार माध्यममा ल्याई उनीहरूका ज्ञानलाई सर्व-सुलभ वनाउने ।

यी संपूर्ण कुराको व्यवस्था गर्न के-के चाहियो त ? तपाईंको मनमा आइसकेकै होला– पैसा । तर याद राख्नुस्, पैसाले मात्रै सबै थोक वन्दो हो त अहिलेसम्ममा नेपालमा खरवौं रूपैयाँ विदेशवाट दान स्वरूप- ऋणस्वरूप भित्रिसकेको कुरा सर्व विदितै छ, तर खै वनेको यो देश ? त्यसकारण पैसा भनेको दोस्रो कुरा

मात्र हो, पहिलो कुरो हो सिर्जनशीलता । अमेरिका कसरी धनी मुलुक बन्यो, कसरी दोस्रो विश्वयुद्धमा नष्ट भैसकेको जापान उच्चतम औद्योगिक राष्ट्र बन्यो ? जवाफ हो– सिर्जनशीलता । के हो त यो सिर्जनशीलता ? यसको सीधा अर्थ हो– अरूले गरिसकेको कामको नक्कल नगरी आफ्नै मस्तिष्क तथा स्रोत र साधनको परिचालन गरी अरूभन्दा वेग्लै पाराले विकास-निर्माण कार्य गर्नु ।

अव स्रोतकै कुरा गरौं । हामीसित दुइ किसिमका स्रोत छन्– मानवीय र भौतिक । वैज्ञानिकहरूले भन्न थालेका छन् कि प्रायः मान्छेले आफ्नो मस्तिष्कको ९० प्रतिशतभन्दा वढी भागको उपयोग गर्दैनन्, त्यसकारण ९५ प्रतिशतभन्दा वढी मान्छे क्षीण-हीन निम्नतर जीवन बाँच्न वाध्य हुन्छन् । तसर्थ हाम्रा मस्तिष्कका ती प्रयोगमा नल्याइएका भाग नै हाम्रोलागि ज्ञान, बुद्धी र सिर्जनशीलताको मुख्य श्रोत हुन् । अघि नै उल्लेख भैसके छ कि माइण्ड टेक्नोलोजीको माध्यमवाट ती मस्तिष्कको पनि प्रयोग हुने कुरा अब वैज्ञानिकरूपमैं प्रमाणित भैसकेको छ ।

के हो त यो माइण्ड टेक्नोलोजी ?

के हो त यो माइण्ड टेक्नोलोजी ? आफ्नो सव-कन्सियस माइण्डलाई पोजेटिभ इन्फोरमेशन दिई आफूले चाहेको लक्ष्य हासिल गर्नु नै माइण्ड टेक्नोलोजी हो । भू. पू. अमेरिकी राष्ट्रपति बिल क्लिन्टन, हलिउडका कलाकार जिम क्यारी, एरनोल्ड लगायत हाम्रा प्रधान सेनापति प्रज्ज्वल्ल

संशेरज्यूले पनि सर्वोच्च पद यसै पद्दतिबाट हासिल गरेका कुरा सार्वजनिक भैसकेकै छ ।

(स्पेस टाइम दैनिक/४ असोज २०५८)

त्यस्तै संयुक्त राज्य अमेरिका एवं तात्कालिन सोभियत रसियाले राजनैतिक शीत-युद्धमा यस टेक्नोलोजीको प्रयोग गरेका प्रमाणहरू पाइएका छन् भने वुल्गेरियाले शिक्षामा गुणात्मक परिवर्तन ल्याउन र जापानले उद्योगमा श्रेष्ठता हासिल गर्न पनि यही माइण्ड टेक्नोलोजी उपयोगमा ल्याएका कुरा सार्वजनिक भएका छन् ।

अर्को शब्दमा भन्नुपर्दा कल्पनाशीलता, सकारात्मक विचार (पोजेटिभ थिंकिङ्ग), सकारात्मक प्रवृत्ति (पोजेटिभ एटि्च्यूड) एवं ध्यानशीलता नै माइण्ड टेक्नोलोजीका आधारशीला हुन् । यस वैज्ञानिक एवं मनोवैज्ञानिक टेक्नोलोजीलाई देशव्यापी बनाई व्यक्तिगत र समस्तिगत उन्नति गर्न छेडिएको अभियानको नाउँ नै *मनोक्रान्ति अभियान* हो, ता कि देशका संम्पूर्ण जनताले यसवाट फाइदा पाई देशको भौतिक, सांस्कृतिक एवं आध्यात्मिक सम्पदाको पूर्णसदुपयोग गरी यस देशको विकास मौलिकरूपमैं गर्न सकियोस् ।

हाम्रो अर्थ तन्त्रको नयाँ मोडेळ

विशेष दुइ कुराले विश्वको ध्यान नेपालतिर तानिएको देखिन्छ– १) उच्चतम शिखर सगरमाथा तथा २) शान्तिदूत गौतम बुद्धको जन्म स्थल, तसर्थ संपूर्ण नेपाललाई विश्वको वगैंचा (पर्यटन क्षेत्र)- र आध्यात्मिक अध्ययन केन्द्रको रूपमा

विश्वलाई चिनाउनु पर्ने देखिन्छ ।

क) त्यस्तै नेपाल विविध जातिका विविध सांस्कृतिक कलाको संगम पनि भएको हुँदा यस देशलाई विश्वकला-संस्कृति केन्द्रकोरूपमा पनि विकास गर्न सकिने देखिन्छ ।

ख) नेपाल ठूला औद्योगिक राष्ट्रको लागि चाहिने जनशक्ति निर्माता हुँदै आएको तथ्यलाई मध्य नजरमाराखी विदेशगई कामगर्ने नेपालीको लागि कानूनी रूपमै सहयोग र सुरक्षा प्रत्याभूति दिनु पर्ने देखिन्छ ।

ग) त्यस्तै नेपाल जडिवूटीको देश पनि भएकोले सिंगोदेशलाई विश्व जडिवुटी उद्यानकैरूपमा विकास गरी विश्वलाई सेवा पुऱ्याउने केन्द्र वन्न सक्ने देखिन्छ ।

घ) नेपालको प्रायः भूभाग पहाडी र हिमाली भेगमा परेकोले संपूर्ण पहाडमा फलफूलको खेती गर्ने राष्ट्रिय संकल्प हुनु पर्ने देखिन्छ। यसरी यहाँवाट ताजा-फलफूल वाहेक ड्राइ फ्रुट्स, केनजूस आदि विश्व भरी निर्यात् गर्न सकिन्छ ।

ङ) त्यस्तै नेपाल जलस्रोत एवं अन्य महत्वपूर्ण खानीको लागि पनि प्रसिद्ध भएकोले यिनीहरूको परिचालनमा केन्द्रित भई धन उपार्जन गर्न सक्ने देखिन्छ ।

च) त्यस्तै सौर्य ऊर्जा (Solar Power), गोवर ग्यास प्लान्ट, हावाको पंखा (Wind wheel) आदिको राष्ट्रव्यापी व्यवस्थाले पनि हाम्रो मौलिकता र अर्थतन्त्रको जगेर्ना हुने प्रष्ट देखिन्छ ।

छ) विदेशी सहयोगः उपर्युक्त हाम्रो अर्थतन्त्रको मोडेलमा वैज्ञानिक एवं प्राविधिक सहयोगको लागि सवै देशलाई अवसर प्रदान गरी, पैसा माग्ने मानसिकताको सट्टा उनीहरूकै प्रत्यक्ष सहयोगका लागि आह्वान गर्नु पर्ने देखिन्छ ।

यी सवै वुँदाहरू नेपालको अर्थ उपार्जन गर्ने आफ्नै मौलिक स्रोत हुन सक्छन् ।

मनू जन्मजातं हे रेकी हिलर खः
अभाव ज्ञानया जक खः

थौंया वैज्ञानिक युगय् गुलि-गुलि हस्पिटल, डाक्टर व वासःया विकास जुल उलि-उलि हे न्हून्हूगु असाध्य रोग नं उत्पत्ति जुयाः आधुनिक वासः-विज्ञानयात हाथ्या बियाच्वंगु दु। अथेहे विश्वया इतिहासय् न्हून्हूगु उपचार पद्धति दुहां वःगु दु, गुकी वासः मनकुसे ल्वगिया आत्मवल वल्लाकाः डाक्टरं थःगु म्हया हिलिङ्ग शक्ति ल्वगियात बियाः वयागु रोग प्रतिरोधात्मक शक्ति वल्लाकाः ल्वय् निर्मूल याइ। थ्व पद्धतियात रेकी पद्धति धाइ। थ्व पद्धति नेपालय् दकलय् न्हापां रेकी मास्टर डा. योगी विकाशानन्दजुं दुत हयादीगु खः। सन् १९८१ स नीदँया वैशय् जनकपुरय् दकलय् न्हापां अलौकिक शक्तिया अनुभव यानादीम्ह वय्कलं भारतया सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयपाखें तुलनात्मक दर्शन व संस्कृत भाषाय् शिक्षा कयादीगु खःसा वय्कः वैकल्पिक चिकित्सा पद्धतिया डाक्टर नं खः। वय्कलं नेपालय् न्यादँया दुने नीन्यासलं मल्याक रेकी हिलरत तयार यानादी धुंकूगु दु। डा. योगी विकाशानन्दजुं थःगु अनुभव व रेकीवारे जानकारी वीत वंगु शनिवाः पत्रकारतलिसे खँल्हावल्हा यायेगु छगू अनौपचारिक ज्याभवः यानादीगु खः।

छुं नं वासः मछ्यसे उपचार याइगु थ्व पद्धतिइ डिस्टाय्न्स हिलिङ्ग धकाः छँय् च्वनाः हे तापाक्क च्वंम्ह ल्वगियात नं वासः यायेज्यू। योगी विकाशानन्दजुया रेखदेखय् स्वनिगलय् जक नीगुलिं मल्याक रेकी क्लिनिक स्थापना जुइधुंकलसा *हिट्स एफ. एम., सगरमाथा एफ. एम.* य् दँदँ न्ह्यवनिसें योग, विज्ञान, धर्म-दर्शनया प्रवचन विया वयाच्वनादीगु दु। आः वयाः *के. ए. टि. एच.* य् नं प्रत्येक आइतवाः वहनीसिया ९ निसें १० वजे तक प्रवचन शुरू यानादीगु दु। (थौंकन्हय् ***Classic F. M.*** य्, शुक्रवाः पतिकं बहनीसिया ९:३० निसें ११:०० तक, अथेहे पोखराया *माछापुछे F.M.* य् हरेक सोमवाः बहनी ६:०० निसें ७:०० तक प्रवचन याना वया च्वंगु दु।)

